# परिच्छेद : एक

# परिचय

वर्तमान अवस्थामा शिक्षा एक अपरिहार्य तत्वका रुपमा सावित भई सकेको छ । जव मानिस जन्मन्छ त्यहाँबाट नै उसको सिकाइ प्रक्रिया शुरु भएको हुन्छ । विभिन्न औपचारिक तथा अनौपचारिक गरी विविध तवरले उसले शिक्षा आर्जन गरिनै रहेको पाइन्छ । परापूर्व कालको गूरुकुल शिक्षाबाट विकसित हुँदै हाल यस अवस्था सम्म आएको शिक्षामा औपचारिक शिक्षालाई हेर्ने हो भने जब बालक विद्यालयमा भर्ना भएर अध्ययन अध्यापन गर्न थाल्छ तब बाट नै उसको औपचारिक शिक्षाको शुरुवात भएको हुन्छ । शिक्षाको दृष्टिकोणले विद्यालयलाई नै उसले ज्ञान आर्जन गर्न सक्ने प्रमुख थलोको रुपमा हेरिने हुँदा शिक्षाको गुणस्तरमा विद्यालय व्यवस्थापन समिति को अपरिहार्य भूमिका रहेको हुन्छ । यिनै कुराहरुलाई दृष्टिगत गर्दै शैक्षिक गुणस्तर र विद्यालय व्यवस्थापन समिति नामक शीर्षक चयन गरी अध्ययन एवम् अनुसन्धान गर्न लागिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

मानव जातिको विकासक्रमको इतिहासलाई हामीले केलाउने हो भने परापूर्वकालदेखि नै घरका बाबुआमाले आफ्ना सन्ततिहरूलाई, अभिभावकहरूले आफ्ना सम्बन्धितहरूलाई र समाजका जान्नेहरूले आफूले जानेका ज्ञान, सीप, व्यवहार तथा सामाजिक मूल्य र मान्यताहरू हस्तान्तरण गर्दै आएको पाइन्छ । यसैलाई शिक्षा विकास क्रमको गतिअनुसार पाठ्यक्रम निर्माणको क्रमबद्ध चरण मान्न सकिन्छ । (ज.व.रा., श्रेष्ठ, रंजीतकार २०६२ : १) सिप्रेक २०६४:२ अनुसार शिक्षाको विकास एउटा गतिशिल प्रक्रिया हो । शिक्षाको सुरुवात परिवारबाट नै हुने गर्दछ । यसैगरी वालवालिकाको सिकाइ पनि परिवारबाट समुदाय हुँदै विद्यालयसम्म पुगेर व्यवस्थित हुने गर्दछ । हिन्दु दर्शन ऋग्वेदअनुसार शिक्षा केही चिज हो जसले मानिसलाई आत्मविश्वासी र निःस्वार्थी बनाउँछ ।

पहिला शिक्षा अनौपचारिक रुपमा मात्र सीमित रहेको थियो भने पछि मानवीय इच्छा र आवश्यकता परिपूर्ति गर्नका लागि शिक्षाको अपरिहार्यता झनझन बढ्नथाल्यो र त्यसैको फलस्वरुप औपचारिक शिक्षाको शुरुवात भयो । गुरुकुल शिक्षामा शिष्य विद्या आर्जन गर्न गुरुको घरमा जानुपर्दथ्यो । गुरुनै शिक्षाको सर्वेसर्वा रहन्थे कुनै विशिष्ट कामको पाठ्यक्रम वा पाठ्यपुस्तक नहुने  संस्कृत भाषाको माध्यमबाट शिक्षा दिने जस्तो प्रचलन रहेको थियो । त्यतिबेला दिइने शिक्षा भनेको नैतिकता, साहित्य, ज्योतिष जस्ता शिक्षा हरुमा मात्र पर्दथे, (अधिकारी २०६०) ।

मानव सभ्यताको विकासक्रम संगै शिक्षाको प्रारम्भ भएको मानिन्छ । नेपालमा वि.सं. १९१० सालमा थापाथली दरवारमा स्थापना भएको अंग्रेजी स्कुल देखि शैक्षिक क्षेत्रलाई व्यवस्थित गर्न धेरै प्रयासहरु भए तर राणाकालमा फस्टाउन सकेन । २००७ सालको परिवर्तन पछि शिक्षामा आधुनिकताको प्रवेश भएको दावि गरिन्छ । २०१४ सालतिर कलेज अफ एजुकेशनको स्थापना संगै पाठ्यक्रमको निरुपण गर्ने कार्यको थालनी गरिएको थियो । तर वि.सं. २०२८ को शिक्षा पद्धतिले पाठ्यक्रम निर्माण कार्यलाई क्रमबद्ध र व्यवस्थित गर्ने प्रयास गरेको थियो,(गिरी २०५९) ।

मानव सभ्यताको विकासको क्रमसंगै शिक्षाको प्रारम्भ भएको हो । शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमको रुपमा लिईएको छ । शिक्षा विकासलाई हेर्दा मानिसले पार गर्दै आएका एक युगले अर्को युगलाई पाठ सिकाएको पाईन्छ । नेपालको स्थापनाकाल देखि शिक्षाको सुरुवात भई यसको विकास आफ्नै गतिबाट हुदै आएको पाईन्छ । प्राचिन कालमा बाबुले छोरालाई र आमाले छोरीलाई आ-आफ्ना ज्ञान र सीप अनुसारको शिक्षा दिने गर्दथे । प्राचिन नेपालको शिक्षा पूर्णरुपमा गुरुकुल प्रणालीमा आधारित थियो । शिक्षाको आधार वेदलाई मानिएको थियो । नेपालमा शिक्षाको विकास धेरै पहिलादेखि भएतापनि औपचारिक शिक्षाको विकास वि.सं. १९१० सालमा जंगबहादुरको बेलायत भ्रमणपछि भएको भनिन्छ । असोज २७ गतेका दिन आफ्नो दरबार थापाथलीको भुँईतलामा पहिलो अंग्रेजी पाठशालाको स्थापना गरेपश्चात मात्र  भएको  हो, (शर्मा २०६२) ।

सकेसम्म धेरैको सहयोग र सहभागिता जुटाएर उद्धेश्य पुरा गर्ने कला व्यवस्थापन हो । राम्रो र किफायति ढङ्गले काम गराउनु, सहि ब्यक्ति सहि ठाँउमा राख्नु, अधिकार र उत्तरदायित्वको बाँडफाँड गर्नु, ब्यक्तिगत र सामुहिक भूमिका परिभाषित गर्नु, अन्तरनिहित क्षमता र भावनाको प्रस्फुटन गराउने लगाएतका क्रियाकलापहरु विद्यालय व्यवस्थापन समितिका विशेषताहरु हुन् ब्यवस्थापन शासन होईन र निर्णय मात्र पनि होईन यो त सामाजिक क्रियाकलापको रुपमा मानिने हुँदा शैक्षिक गुणस्तर विकासका लागि विद्यालय व्यवस्थापन समितिको अपरिहार्य भूमिका रहेको हुन्छ,

शिक्षा नियमावलीमा उल्लेख गरे अनुसार विद्यालय व्यवस्थापन समिति भन्नाले विद्यालय सञ्चालन, रेखदेख र ब्यवस्थापन गर्न अभिभावकहरुको तर्फबाट छानी पठाएको एकजना अध्यक्ष, अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एकजना महिला सहित ३ जना सदस्य, विद्यालय रहेको गाँउ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष १ जना सदस्य, स्थानिय बुद्धिजीवि वा शिक्षाप्रेमीहरुमध्ये बाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य, विद्यालय संस्थापक वा चन्दादाताहरु मध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य, विद्यालय शिक्षकहरु मध्येबाट छानी पठाएको एकजना सदस्य र विद्यालयको प्राधानाध्यापक सदस्य सचिव लाई बुझिन्छ, (शिक्षा नियमावली २०५९) ।

शिक्षाको गुणस्तर विकासका लागि व्यवस्थापन समितिको भूमिका नै अपरिहार्य रहन्छ । गुणस्तरी शिक्षाको लागि विद्यालयको भौतिक व्यवस्थापन , सरसफाई व्यवस्थापन, शैक्षिक सामग्रीको प्रयोग, अतिरिक्त क्रियाकलापको सञ्चालन, पाठ्यपुस्तकको व्यवस्थापन, शिक्षक दरबन्दी, शिक्षक र विद्यार्थीको अनुपात जस्ता कुराहरुले उल्लेख्य भूमिका निर्वाह गरेका हुन्छन् । विद्यालयको शैक्षिक गुणस्तकारका लागि कुन कुन पक्षको कमजोरी रहेको छ ? यसका लागि विद्यालयले के कसरी व्यवस्थापन गर्नु आवश्यक छान्ने जस्ता विषयवस्तुमा अध्ययन अनुसन्धान गर्नका लागि व्यवस्थापन समितिको भूमिका नै अग्र श्रेणीमा रहेको

हुन्छ । यिनै कुराहरुलाई दृष्टिगत गर्दै शैक्षिक गुणस्तर र विद्यालय व्यवस्थापन समिति नामक शीर्षक चयन गरी यो अध्ययन अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

गुणस्तरीय शिक्षा आर्जन गर्न पाउनु व्यक्तिको अधिकार हो । गुणस्तरिय शिक्षा विना कुनै पनि ब्यक्तिले आफ्नो उन्नति गर्न सक्दैन । गुणस्तरीय शिक्षाले नै ब्यक्तिको ब्यवहार परिवर्तन गर्ने गर्दछ । समयको गतिशिलता र परिवर्तनशिलतासँगै मानव समाजमा पनि परिवर्तन भईरहेको हुन्छ । अत समयको आवश्यकता र चाहना अनुसार शिक्षाको लक्ष्य र उद्धेश्य पनि परिवर्तनशिल हुदै जानु पर्दछ । त्यसैले ब्यक्तिलाई सहि मार्गदर्शन प्रदान गर्न, ब्यक्तिको क्षमताहरु प्रतिभाहरु प्रष्फुटन गराउन गुणस्तरीय शिक्षाको आवश्यकता रहन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय व्यवस्थापन समितिको प्रमुख भूमिका रहन्छ । विद्यालयको सर्वाङ्गिण पक्षको विकास गरी सिकारुलाई उपयुक्त वातावरणमा शिक्षा प्रदान गर्नका लागि विद्यालय समितको नै आवश्यक रहन्छ । यदि विद्यालय समिति नै फितलो र शैक्षिक व्यवस्थापनमा कमजोर देखिएका खण्डमा सो विद्यालयको शैक्षिक गुणस्त कमजोर हुँदै जानेकुरा निश्चित रहन्छ ।

अहिलेको युगलाई हेर्ने हो भने नेपालसरकारबाट गुणस्तरीय शिक्षाका लागि अधिकतम मात्रामा धनराशी खर्चिदै आएको पाइन्छ । नेपालसरकारबाट जे जति खर्च भएको छ सो अनुसार शिक्षामा प्रगति हुन सकिरहेको अवस्था छैन । शैक्षिक गुणस्तरलाई नै हेर्ने हो भने सामुदायिक विद्यालयको एस.एल.सी. रिजल्ट पहिलाको भन्दा झन न्यून रहँदै आएको छ । यसरी विद्यालयको गुणस्तरमा प्रश्न चिन्ह नै खडा हुँदै आएको छ । यो चुनौतिपूर्ण अवस्थामा शैक्षिक गुणस्तर विकासका लागि गम्भीरपूर्ण ढंगबाट सोच्नु पर्ने अवस्था रही आएको छ । यो अवस्थामा शिक्षाको गुणस्तर विकासका लागि विद्यालयको ब्यवस्थापन कसरी गर्ने ? किन विद्यालयमा शैक्षिक गुणस्तर खस्कदै गएको छ ? कुन कुन उपायद्धारा स्तरीय शिक्षा बालबालिकालाई प्रदान गर्न सकिन्छ ? शिक्षक तथा विद्यार्थी बीचको सम्बन्ध सुमधुर गर्नका

लागि विद्यालय व्यवस्थापन समितिले कस्तो भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ? विद्यालयमा प्रयाप्त मात्रामा आर्थिक स्रोत जुटाउनका लागि व्यवस्थापन समितिले के कस्ता परामर्शहरु चाल्दै आएको छ ?  समयको माग अनुसार शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालय व्यवस्थापन समितिका कमी कमजोरीहरु के के छन् ?  भन्ने जस्ता कुराहरुलाई प्रमुख समस्याको रुपमा लिएर “शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका” नामक शीर्षक चयन गरी यो अध्ययन अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनैपनि अध्ययन अनुसन्धान गर्नुका पछाडि आ-आफ्नै प्रकारको औचित्य बोकेको हुन्छ । विद्यालय तहमा गुणस्तर विकासका लागि विद्यालय व्यवस्थापन समितिको आफ्नै महत्व रहेको छ । यस अध्ययन अनुसन्धानबाट शैक्षिक विद्यालय व्यवस्थापन समितिको वर्तमान अवस्थाको बारेमा जानकारी लिने, त्यसमा देखिने समस्याहरुको पहिचान गर्ने र देखापरेका समस्याहरु समाधान गर्न उपयुक्त सुझावहरु दिने यस अनुसन्धानको औचित्य मान्न सकिन्छ ।

शिक्षाको गुणस्तर विकासका लागि विद्यालयमा के कसरी व्यवस्थापन गर्ने ? कस्ता कस्ता विषयको लागि कस्ता कस्ता शैक्षिक सामग्री हुन्छन् ? तिनीहरुको प्रभावकारी रुपमा कक्षाकोठामा कसरी उपयोग गर्ने ?, शिक्षकलाई के कस्ता विषयहरुमा तालिम दिनु आवश्यक छ? विषयवस्तु, शैक्षिक सामग्री, विद्यार्थी क्रियाकलाप, शिक्षक क्रियाकलाप जस्ता कुराका कसरी कक्षामा व्यवस्थित किसिमले प्रस्तुत गर्ने ? जस्ता कुरा उठाउने भएकाले शैक्षिक गुणस्तर र विद्यालय व्यस्थापन नामक शीर्षक चयन गरी गरिएको अध्ययन अनुसन्धान सान्दर्भिक ठानिएको छ ।

विद्यालयमा अव्यवस्थित रुपमा छरिएर रहेका स्रोत साधनको कसरी व्यवस्थित रुपमा प्रयोग गर्ने वातावरण तयार पार्ने ? सरसफाई व्यवस्थापन के कसरी गर्ने, विद्यालयको भौतिक विकासमा के कस्तो सुधार गर्नु आवश्यक छ? समय अनुसार गुणस्तरीय शिक्षा प्रदान

शिक्षक, अभिभावक र विद्यालय प्रशासन बीच सुमधुर सम्बन्ध कसरी कायम गर्ने भन्ने जस्ता कुराहरुको तथ्य पत्ता लगाउनका लागि अध्ययन अनुसन्धान औचित्यपूर्ण रहने छ। अध्ययनको औचित्यलाई बुँदागतरुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) व्यवस्थित ढंगबाट अध्यापन गराई विद्यार्थीहरुमा सिकाइ दिगो, स्पष्ट र व्यवहारिक बनाउन सहयोग पुग्ने छ।

ख) समयानुकूल विद्यालयका शैक्षिक, भौतिक पक्षको विकास गरी विश्वव्यापीकरणको वर्तमान समयमा आफ्ना शैक्षिक उत्पादन गुणस्तरीय बनाउनु।

ग) विद्यालयको उचित किसिमले व्यवस्थापन गरी प्रभावकारी ढंगबाट गुणस्तरीय शिक्षा प्रदान गर्नमा सुझाव प्रदान गर्नु।

घ) विद्यालयको सञ्चालन सुरुदेखि नै राम्रोसंग गर्नसके शैक्षिक उपलब्धि पनि राम्रो हुने हुदा विद्यालय व्यवस्थापन समितिले नै गुणस्तरीय शिक्षा विकासको लागि कुन कुन तत्वहरुमा सुधार र ब्यवस्था गर्न कस्तो रणनिति, योजना कार्यान्वयन गर्नुपर्दछ भन्ने मार्गदर्शन गर्न।

ङ) भोलिका दिनहरुमा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोहीका लागि पनि सन्दर्भ ग्रन्थका रुपमा काम लाग्ने छ।

## १.४ अध्ययनको उद्देश्य

अध्ययनका उद्देश्यहरू निम्न छन् :

१) विद्यालयको वर्तमान शैक्षिक अवस्था पहिचान गर्नु।

२) शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका पहिचान गर्नु।

३) शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिमा देखा परेका कमीकमजोरीहरु पहिचान गर्नु।

४) शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिमा देखा परेका कमीकमजोरीहरुको निराकरणका उपायहरु पहिचान गर्नु।

### १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका लागि अनसन्धनात्मक प्रश्न निम्नानुसार रहेका छन् :

१) विद्यालयको वर्तमान शैक्षिक अवस्था कस्तो छ ?

२) शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका के कस्तो रहेको छ ?

३) शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिमा के कस्ता कमीकमजोरीहरु रहेका छन् ?

४) शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिमा देखा परेका कमीकमजोरीहरुको निराकरणका उपायहरु के के हुन सक्छन् ?

### १.६ अध्ययनका परिसिमाहरु

विद्यालय व्यवस्थापन समिति र शैक्षिक गुणस्तरलाई नजिकबाट अध्ययन गर्दै देखिएका समस्याहरुलाई मध्य नजर गरेर प्राप्त राय, सुझाव र सल्लाह बमोजिम सामधानका उपायहरुको खोजिगरिएको छ । तर सोध कर्ताको सीमित स्रोतः समय र साधनका कारण ठूलो क्षेत्रमा लामो समय लगाएर अध्ययन गर्न  असहज रहेको हुँदा निम्न लिखित सीमा भित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

क) यस अध्ययन अनुसन्धानमा अध्ययनलाई उद्देश्यमुखी बनाउनका लाग तथ्यांक संकलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरि व्याख्या एवम् विश्लेषण गरिएको छ ।

ख) यस अध्ययनको अनुसन्धानको जनसंख्याका रुपमा वि.व्य.स. को अध्यक्ष १ जनका दरले, विद्यालय प्र.अ. (सदस्य सचिव) १ जना, वि.व्य.स समितिका सदस्य मध्येबाट १ जना पुरुष र १ जना महिला गरी २जना, विद्यालय निरीक्षक १,  प्रत्येक विद्यालयका विद्यार्थी मध्येबाट ४।४ जना, प्रत्येक विद्यालयबाट १/१ जना शिक्षकका  दरले जम्मा ३७ जनालाई  नमुना छनोट विधिद्वारा छनोट गरी अध्ययन अनुसन्धान गरिएको छ ।

ग) शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका के कस्तो रहन्छ ? व्यवस्थापन समितिलाई प्रभावकारी बनाउनका लागि प्र.अ., शिक्षक, वि.नि. र अभिभावकले कस्तो भूमिका खेल्नु पर्दछ भन्ने बारेमा छुट्टाछुट्टै प्रश्नावली भराई प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

घ) अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने अनुसन्धनात्मक प्रतिवेदन, लेखरचना, पुस्तक, पत्रपत्रिका, इमेल इन्टरनेटबाट प्रयोग हुने तथ्यलाई सिंहावलोकनको रुपमा प्रयोग गरी अध्यन एवम् अनुसन्धान गरिएको छ ।

## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानलाई उद्देश्यमा पुऱ्याउनका लागि वा पूर्णता प्रदान गर्नका लागि अनुसन्धान कर्ताले सो अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडिका लेखरचना, समचार, पत्रपत्रिका तथा वुद्धिजिवीहरुका भनाइलाई आधार मान्नु आवश्यक रहन्छ । यस अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने खालका समय समयमा विभिन्न लेखक, सिद्धान्तकार, अध्ययन अनुसन्धानकर्ता आदिले अध्ययन एवम् अनुसन्धानहरु प्रकाशन भएका छन् । अतः यस अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्न सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र सम्बन्धित अनुसन्धानात्मक लेखहरुको अध्ययन अपरिहार्य भएको आजभन्दा अगाडिका सम्बन्धित लेखरचनाहरुलाई साहित्यको सिंहावलोकनका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.१ सम्बन्धित साहित्यको सिंहावलोकन

यस शोधपत्रलाई पूर्णता प्रदान गर्नको लागि त्यस विषयसँग सम्बन्धित लेखरचना, वुद्धिजिवीहरूको भनाई, विभिन्न दस्तावेजहरूको अध्ययन गरी सम्बन्धित साहित्यको सिंहावलोकनको रूपमा निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षा विकासका लागि शिक्षा मन्त्रालयको गठन भयो । त्यस बेला सम्म नेपालमा ३०० जति प्राथमिक पाठशालाहरू, १५ वटा अंग्रेजी आधार र संस्कृत मिडिल स्कूलहरू, २७ जती अंग्रेजी आधार र संस्कृत हाईस्कूलहरू एउटा कलेज र १८ वटा जति विभिन्न किसिमका शैक्षिक संस्थाहरू रहेको पाईन्छ । देशको राजनैतिक परिवर्तनसँगै नेपालको शिक्षा विकासमा महत्वपूर्ण कदमको थालनी भयो । शिक्षा विकासको लागि विविध पक्षमा सुधार गर्नका लागि वि.सं. २००९ सालमा राष्ट्रिय शिक्षा वोर्ड वि.सं. २०१० मा नेपाल राष्ट्रिय शिक्षा आयोग वि.सं. २०१८ मा सर्वाङ्गिण राष्ट्रिय

शिक्षा समिति वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना र वि.सं. २०४८ मा राष्ट्रिय शिक्षा आयोग गठन भयो । यी आयोगहरूले शिक्षामा समय सापेक्ष सुधारका लागि विभिन्न सुझाब एवम् सिफारिसहरू गरिएको देखिन्छ । यस अनुरूप विभिन्न सुधारका प्रयासहरू गरिएका छन् विद्यालय जसमा जुनसुकै नीति र नियमहरु बने पनि विद्यालयलाई कसरी चलाउने र गुणस्तर शिक्षकका लागि के कस्ता कार्यक्रमहरुको आवश्यक रहन्छ भन्नेमा विद्यालय व्यवस्थापन समितिको भूमिका अग्रणी रहेको तथ्य प्रस्तुत गरिएको छ, (काफ्ले र अन्य,२०६०) ।

कास्की जिल्लाको प्राथमिक विद्यालयमा परेको प्रभाव नामक शीर्षकमा अध्ययन गरिएको लेख अनुसार विद्यार्थीको भर्नादर, अनौपचारिक शिक्षाको अवस्था, प्राथमिक शिक्षाको पहुँच, तालिमको अवस्था, योजना कार्यान्वयनका समस्याहरू सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, जि.शि.अ., वि.नि.हरू, प्रधानाध्यापकहरू र विद्यार्थीहरूको धारणा प्रतिक्रिया विश्लेषण गर्ने उद्देश्यहरू राखिएका थिए । उहाँले आफ्नो अध्ययनको प्राप्तीको रूपमा भर्ना दरमा कमी, अनौपचारिक कार्यक्रमहरूको न्यूनता, तालिम कार्यक्रमको कमी र बजेटको कमी भएकोले कार्यक्रम कार्यान्वयनको अवस्था कमजोर रहेको पाईयो भनी उल्लेख गर्नु भएको छ । यसका लागि अनौपचारिक शिक्षाका कार्यक्रमको विस्तार गरि पहुँच बढाउने, शिशु कक्षाको अनिवार्यता गर्ने, शिक्षक, प्रधानाध्यापक र वि.व्य.स.को तालिम विस्तार गर्नु पर्ने भन्ने जस्ता कुराहरुलाई सान्दर्भिक तवरबाट उठाइएको छ, (देवकोटा, २०६०) ।

विद्यालय व्यवस्थापन समितिको भूमिका नामक लेखमा गैरवादी तथा महङ्गो शिक्षाले छिट्टै फल्ने फुल्ने अवसर प्राप्त भएको तर सरकारी विद्यालयले दिने शिक्षा सस्तोका नाममा अति कमजोर बन्दै गइरहेको कुरालाई व्याख्या एवम् विश्लेषण गरिएको छ । सिमित व्यक्तिबाट नाफा आर्जनको उद्धेश्यले निजि संस्थागत एवं विदेशि सम्बन्धनबाट खुलेका विद्यालयमा शिक्षाको गुणस्तर राम्रो देखिनु, निर्णय प्रकृया छिटो छरितो एवम् उचित ब्यवस्थापनले गर्दा हो भने सामुदायिक विद्यालयमा विद्यालय ब्यवस्थपान समिति रबर स्टेम्प को अवस्थामा

भएको हुनाले सामुदायिक विद्यालयहरुलाई निजि तथा अन्य विदेशी सम्बन्धन प्राप्त विद्यालयहरुको स्तरमा उठाउन शिक्षा नियमावली परिवर्तन गरी विद्यालय व्यवस्थापन समितिलाई समग्रमा शक्तिशाली बनाउनु पर्ने कुरा ब्यक्त गरिएको छ, (पौडेल २०६०) ।

शैक्षिक व्यवस्थापनको सम्बन्धमा विद्यालयहरु पुरा समय सञ्चालन नरहने गरेकोले प्र.अ. द्वारा विद्यालय समयसम्म सञ्चालन गराउनु पर्ने, विद्यालयमा शैक्षिक सामग्री, पाठ्य सामग्री तथा सहायक सामग्रीको ब्यवस्था गर्नुपर्ने, विद्यालय भित्र प्रत्येक शिक्षक तथा कर्मचारीमा उत्तरदायि भावनाको अभाव रहेको पाईन्छ । त्यसैले यस सम्बन्धमा आवश्यक कदम चाल्नुपर्ने, विद्यालय हाता, कक्षाकोठा र अन्य कोठाहरु ब्यवस्थित गर्नुपर्ने, आर्थिक रुपमा विद्यालयहरु केन्द्रमुखि भएको पाईन्छ, त्यसो नभई विद्यालयलाई आत्ममुखि बनाउनु पर्ने, विद्यालय ब्यवस्थापन समितिलाई सक्रिय बनाई सम्भव भए सम्म जनसहभागिता बढाउनुपर्ने कुराहरुमा जोड दिएको पाईन्छ, (रा.शि.आ. २०४९) ।

बालकेन्द्रित शिक्षाद्धारा नै प्रशस्त अनुभवहरु दिएर उसका क्षमतालाई मलजल गरिदिने काम गरी क्षमताको अधिकतम प्रयोग भयो भने गुणस्तरीय शिक्षाको बाटो समातेको हुन्छ । यस्तो तार्किकता सिर्जनशीलता विनम्रता सौन्दर्यत्मकताको उजागर गरिदिएको छ । अत ब्यक्तिले आफ्नो जिवनलाई सहिमार्गमा डोऱ्याउन प्रदान गरिएको स्तरीय शिक्षा नै गुणस्तरीय शिक्षा हो । सकेसम्म धेरैको सहयोग र सहभागिता जुटाएर उद्धेश्य पुरा गर्ने कला ब्यवस्थापन हो, राम्रो र किफायति ढङ्गले काम गराउनु, सहि ब्यक्ति सहि ठाउमा राख्नु, अधिकार र उत्तरदायित्व बाँडफाँड गर्नु, ब्यक्तिगत र सामुहिक भूमिका परिभाषित गर्नु अन्तरनिहित क्षमता र भावनाको प्रस्फुटन गराउने लगायतका कृयाकलापहरु ब्यवस्थापन समितिका विशेषताहरु हुन । ब्यवस्थापन शासन होईन र निर्णय मात्र पनि होईन यो त सामाजिक क्रियाकलाप भएको हुँदा सोही अनुसार विद्यालय व्यवस्थापन समितिले विद्यालयलाई एउटा सामाजिक संस्थाको रुपमा लिएर शैक्षिक गुणस्तरका लागि भूमिका निर्वाह गर्नु पर्ने कुराको प्रस्तुत गरिएको छ , (सापकोटा, २०६२) ।

शिक्षक व्यवस्थापन - कुनै पनि सामाजिक संस्थाले राखेका उद्देश्यहरु पूरा गर्नका लागि सजीव रुपमा कार्य गर्ने शक्ति शिक्षक तथा कर्मचारी नै हुन् । विद्यालयको उद्देश्य प्राप्तिका लागि त्यसमा सहभागी हुने सदस्यहरुको क्रियाकलापमा भरपर्ने हुँदा शिक्षक तथा कर्मचारीको छनौट, पदस्थापन, तालिम, सरुवा, बढुवा, पुरस्कार आदि राम्रो तरिकासंग हुनुपर्दछ । विद्यालयमा कुन कुन विषय पढाउने, के कस्ता शिक्षक चाहिन्छन् र कार्यालय संचालनमा के कस्ता कर्मचारी चाहिन्छन् त्यसका आधारमा तिनीहरुको छनौट हुनुपर्दछ । उनीहरुको व्यवसायिक सीप वृद्धि गर्न र हौसला प्रदान गर्न तालिम र शिक्षक बैठक पनि महत्वपूर्ण कार्य भएकाले सबै शिक्षकहरुको सल्लाह र सम्मतिले विद्यालयमा गरिएको कार्यहरु गरिनुपर्छ । यस्ता कार्यहरुको समन्वय र व्यवस्थापन गर्ने काम विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले गर्नुपर्दछ (अधिकारी, २०६०) ।

शिक्षा एक गतिशिल प्रकृया हो, यो मानिसको जन्मदेखि सुरु भएर मृत्यु पर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रकृया हो । यसले समाज विकासको लागि आवश्यक पर्ने जनशक्ति तयार पार्दछ । मानिसको आधारभुत आवश्यकताको रुपमा गाँस, बास कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा पर्दछन् । त्यसमा पनि सवै पक्षहरुको विकास र विस्तार गर्न शिक्षा नै आवश्यक हुन्छ । शिक्षा मानव ज्योति हो, सभ्यता र संस्कृतिको जननी हो । मानव मस्तिष्कको सचेतना एवं क्रियाशिलताको सोपान हो । एउटा जैविक प्राणी शिक्षाद्धारा ज्ञान, सीप र बुद्धियुक्त भएर ब्यक्तिगत रुपमा पूर्ण मानिस हुन्छ भने सामुहिक रुपमा एउटा सचेत र सक्षम नागरिक बन्दछ । सामाजिक आवश्यकताको परिपूर्ति शिक्षाकै माध्यमबाट हुन्छ । शिक्षाद्धारा नै समाजको लागि आवश्यक ज्ञान, सीप र प्रविधियुक्त दक्ष जनशक्ति उत्पादन हुन्छ । मानव सभ्यताको उषासंगै अनवरत र गितिशिल रुपमा रहिरहनेछ । आत्मिक, मानसिक, आध्यात्मिक, शारीरिक, वैयक्तिक एवं सामूहिक र भौतिक विज्ञान र प्रविधि सबै किसिमका मानविय क्रियाकलापको उन्नतिको मुहान नै शिक्षा हो । प्रत्येक ब्यक्ति, समाज र राष्ट्रको सर्वाङ्गिण विकासको निम्ति शिक्षा अपरिहार्य हुन्छ , (खनाल २०५७) ।

नेपालको वर्तमान शिक्षाको आवश्यकता जति फराकिलो छ त्यहि अनुरुप यसको विगत साँगुरिदै गएको छ । ईतिहास त्यस्तो अनुभव र गोरेटो हो जसलाई पछ्याउदै नेपालको शिक्षा प्रणाली अहिलेको अवस्थामा आईपुगेको छ । यो अवस्थामा आईपुग्न यसले असंख्य बाटो छिचोल्दै कतै चिप्लदै त कतै भुल गर्दै हिड्नु परेको थियो । नेपालको विगत शिक्षाको अवसरबाट पटक्कै बञ्चित थिएन । कुनै न कुनै शिक्षा प्रणालीबाट यो मुलुक अवश्य अभिप्रेरित थियो, (वाग्ले तथा अन्य २०५७) ।

व्यवस्थापनको प्राचीन काल - विभिन्न अभिलेख तथा विचारहरुवाट प्राचीनकालमा व्यवस्थापनको प्रयोग कुनै न कुनै रुपमा भएको पाइन्छ । व्यवस्थापनका सर्वमान्य सिद्धान्तहरुको प्रयोगको प्रयास प्राचीन मिश्रवासीहरु एवं रोमन अभिलेखहरुवाट अवगत गर्न सकिन्छ । मिश्रवासीहरुले विकेन्द्रित संगठनको ज्ञान-सीप प्रयोग गरेको प्रमाण पिरामिड तथा सार्वजनिक भवनहरुको निर्माण ढाँचाबाट ज्ञान हुन्छ । प्राचीन चिनिया विचारकहरुले कर्मचारीहरुको नियुक्ति तथा छनौट गर्ने प्रक्रियाको वारेमा बताएका थिए । प्राचीन ग्रीसमा 'सार्वजनिक जीवनको संगठन', रोमका क्याथोलिक चर्चको 'प्रशासकीय अभ्यास' तथा सैन्य संगठनहरुवाट कुनै न कुनै रुपमा व्यवस्थापनको प्रयोग प्राचीन काल देखि नै हुदै आएको देखिन्छ ।

प्राचीन धार्मिक ग्रन्थहरु र विचारकहरुका पुस्तकमा पनि व्यवस्थापन सम्बन्धी दृष्टिकोणहरु उल्लेख गरेको पाइन्छ । इशाई धर्मको प्रख्यात ग्रन्थ 'वाइवल' मा पनि व्यवस्थापन सम्बन्धी कतिपय कुराहरु उल्लेख गरेको पाइन्छ । कौटिल्यले आफ्नो पुस्तक 'अर्थशास्त्र' मा नगर एवं राज्यको व्यवस्थापनको वारेमा उल्लेख गरेका छन् । त्यस्तै ग्रीक र रोमका प्राचीन विचारकहरुले पनि व्यवस्थापन सम्बन्धी विचारहरुको विकासमा योगदान दिएका छन् (के.सी., २०५४) ।

औचित्य शिक्षा प्राप्त गर्ने उत्तम परिस्थिति पैदा गर्नु नै व्यवस्थापनको मुख्य कार्य हो जसमा व्यवस्थापन समितिले नै उल्लेख्य भूमिका निर्वाह गरेको हुन्छ । वि.सं.१९९६ सालमा जारी गरिएको शिक्षाको इस्तिहारमा विद्यालय समितिलाई विद्यालय नियन्त्रणमा राख्ने अधिकार ( शिक्षक छनोट, नियुक्ति र बर्खातगी समेत) प्रदान गरिएको छ भने वि.सं. २००७ को प्रजातन्त्रको उदयपछि गठित शिक्षा आयोगले व्यवस्थापन सम्बन्धमा निम्न सुझावहरु प्रस्तुत गरेको छ :

- विद्यालयभित्र राम्रो शैक्षिक वातावरण पैदा गर्नुपर्दछ ।
- जवाफदेहिता बाँड्नु पर्दछ ।
- व्यवस्थापन कार्य यथासम्भव विकेन्द्रीकृत हुनु पर्दछ ।
- योग्य व्यवस्थापन निर्धारित नीतिद्वारा शासित हुनु पर्दछ ।
- निरीक्षण प्रणाली सहयोगात्मक हुनु पर्दछ ।

वि.सं. २००७ सालको प्रजातन्त्रको उदय भएपछि प्रयाप्त मात्रामा विद्यालयहरु खुल्ने क्रम बढ्यो । २०४६ सालको जनआन्दोलन पछि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने घोषणा भयो । विद्यालय व्यवस्थापनमा पनि विगतका वर्षहरुमा भन्दा केही सुधार ल्याउने प्रयास भयो जसको फलस्वतरुप वि.सं. २०५८ सालको एस.एल.सी. परीक्षाको पनि ३२.२२% विद्यार्थी उत्तीर्ण हुन सफल भए । यिनै कुराहरुलाई मध्यनजर गर्दा विद्यालय व्यवस्थापनले शिक्षाको गुणस्तरमा सुधार ल्याउन सक्छ भन्ने कुराको निष्कर्ष निकाल्न सकिन्छ भन्ने तथ्य व्यक्त गर्दै विद्यालयको व्यवस्थापन पक्ष मजबूत बनाउका लागि समुदायले विद्यालय 'हाम्रो आफ्नो हो' भन्ने भावना राख्नु पर्दछ, भने विद्यालय व्यवस्थापन समितिले पनि जिम्मेवार भूमिका निर्वाह गर्नु अपरिहार्यता रहन्छ भन्ने कुराको व्याख्या एवम् विश्लेषण गर्नु भएको छ, (पौडेल, २०५९) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शैक्षिक गुणस्तर र विद्यालय व्यवस्थापन समिति नामक शीर्षक चयन गरी अध्ययन गर्न लागिएको अध्ययन अनुसन्धानलाई गुणात्मक प्रकृतिको बनाउने उद्देश्यले शोध अनुसन्धानसँग सम्बन्धित विभिन्न सिद्धान्तहरु मध्ये जर्ज एल्टन मायोको मानव सम्बन्ध सिद्धान्तलाई नै आधार मानिएको छ ।

कुनै पनि संघ संस्था तथा संगठनमा काम गर्ने मानवीय स्रोतको प्रभावकारी सञ्चालन, व्यवस्थापन, परिचालनसँग सम्बन्धित विषयलाई मानव सम्बन्ध व्यवस्थापन भनिन्छ । मानव सम्बन्ध सिद्धान्त सन् १९५०ताका प्रचलित सिद्धान्त हो । यस अगाडीका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको सुरुवात भएको पाइन्छ । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्यकूशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकोले व्यवहारिक व्यवस्थापनमा नयाँ नयाँ विचारहरु विकसित भएको पाइन्छ । कुनै पनि संगठनमा कार्य गर्नेहरुका बीच राम्रो मानव सम्बन्ध, समन्वय भएमा कार्य सम्पादन राम्रो, चाँडो, स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध राम्रो नभएमा कम गुणस्तरीय हुने कुराले सबैलई जानकारी गएको छ । यस सिद्धान्तलाई आन्तरिक व्यवहारको अध्ययन पनि भनिन्छ, (कोइराला, २०५९) ।

माथिका भनाईबाट मानव सम्बधनको भूमिका महत्वपूर्ण रहन्छ भन्ने कुरा स्पष्ट भएकोले शैक्षिक गुणस्तर र विद्यालय व्यवस्थापन समितिको भूमिका नामक यस सोधप्रस्ताको अध्ययनका लागि सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरीएको छ ।

जर्ज एल्टन मायो (१८८०-१९४९) मानव सम्बन्ध सिद्धान्तका सिद्धान्तकार हुन् । मानव सम्बन्ध सिद्धान्तले संगठन भित्र व्यक्तिहरुको व्यवहारलाई परिवर्तन गर्न जोड दिएको हुन्छ । मानव सम्बन्ध भन्नाले मानिसलाई सकरात्मक ढंगबाट मानिसको जस्तो व्यवहार गर्नु भन्ने बुझिन्छ । मानिसलाई संगठनको वस्तु वा अन्य कुनै सम्पत्तिको जस्तो रुपमा लिनु हुँदैन । कुनै पनि संगठनभित्र कुनै पनि व्यक्तिको उसको काम तथा योग्यता अनसार उत्तीकै महत्व

अस्तित्व रहेको हुन्छ भन्ने कुरालाई मानव सम्बन्ध सिद्धान्तले छर्लङ्ग पारेको छ । यसले सबै सामाजिक व्यक्तित्व अर्को व्यक्तित्वसँग पारस्पारिक सम्बन्ध हुने, सामाजिक विज्ञानहरुको अध्ययनमा विशेष जोड दिएको छ । यदि सबै व्यक्ति मिलेर उद्देश्यहरु पूर्ति गर्नुछ भने एकले अर्कालाई, सम्मान, मर्यादा राख्नुको साथै विश्वासको वातावरण सिर्जना गरीएको हुनुपर्दछ । यही नै मानव सम्बन्धको उत्प्रेरणागर्ने कला हो । जो व्यवस्थापकले बुझेर मात्र व्यवहार गर्दछ । जसको अनुभव र प्रयोग इनकार गर्न सकिंदैन, विद्यालयमा पनि प्र.अ. ,शिक्षक, विद्यार्थी, वि.व्य.स हरूको बीचमा मानवीय सम्बन्ध स्थापना गर्न सकिएमा मात्र विद्यालय व्यवस्थापमा सुदृढ गर्न सकिन्छ भन्ने आधारमा यो शोधलाई मानव संसाधन सम्बन्ध सिद्धान्तको सैद्धान्तिक खाकाको रुपमा राखिएको छ ।

विद्यालय शैक्षिक व्यवस्थापनलाई सुदृढ गर्नका निम्ति वि.व्य.स., अभिभावक कुनै एक पक्षले चाहेरमात्र हुँदैन सबै पक्षको बीचमा राम्रो समन्वय र सम्बन्ध हुनु आवश्यक छ । मानव सम्बधन सम्बन्ध सिद्धान्त अनुसार विद्यालय र समुदायको बीच आपसी अन्तर सम्बन्ध राख्न सकेमा विद्यालयका अभिभावकहरुलाई सहभागीता वृद्धि हुन गयो भने विद्यालय व्यवस्थापनलाई राम्रोसँग अगाडी बढाउन सकिन्छ भन्ने मान्यता अनुसार गठन गरिएको विद्यालय व्यवस्थापन समितिले यिनै कुराहरुलई मध्यनजर गरेर विद्यालयमा, शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयको वर्तमान अवस्थालाई दृष्टिगत गर्दै सोही अनुसार व्यवस्थापन गर्नु पर्ने हुन्छ यसै तथ्यलई दृष्टिगत गर्दै जर्ज एल्टन मायो मानव सम्बन्ध व्यवस्थापन सम्बन्धी सिद्धान्तलाई यस अध्ययन अनुसन्धानको सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरीएको छ ।

## २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पूनरावलोन गर्दा  विद्यालय व्यवस्थापनका लागि व्यवस्थापन समितिको भूमिका अपरिहार्य रहेको पाइयो । सोचेजस्तो तवरबाट विद्यालय व्यवस्थापन हनु नसकिरहेको अवस्था देखिन्छ । आजभन्दा अगाडि यस अध्ययन गरिएका यस अध्ययन

अनुसन्धानसँग सम्बन्धित साहित्यलाई सिंहावलोकनको रुपमा प्रयोग गरेर अध्ययन एवम् अनुसन्धान गरिएको छ । जसबाट सामुदायिक विद्यालयमा हुने गरेको विद्यालय व्यवस्थान एवम् विद्यालय व्यवस्थापन समितिका बारेमा तथ्य प्राप्त भएको छ । सम्बन्धित साहित्यको संहावलोकनको प्रयोगले यस अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि निकै सहयोग पुऱ्याउने छ । जसको प्रयोगले अगाडि गरिएका अध्ययन अनुसन्धानमा रहेका कमीकमजोरीहरुलई निराकरण गरी अनुसन्धानलाई उद्देश्यमूलक र प्रभावकारी बनाउनमा पनि साहित्यको सिंहावलोकनले थप सहयोग पुऱ्याउने छ । आफनो अध्ययनको उद्देश्य पुरा गर्न के कस्ता तथ्याकंहरु कुन विधीवाट संकलन गर्ने र तिनीहरुलाई व्यवस्थित ढंगले कसरी व्याख्या विश्लेषण गर्ने साथै सैद्धान्तिक खांकाहरुको खोजी गरी अनुसन्धानको विषय अनुसार उपयोगी भए नभएको र त्यसमा के कस्ता कमजोरीहरु छन् साथै सैद्धान्तिक खाकामा रहेका विचलनलाई हटाई आफनो खोज अनुसन्धानको विषय अनुसारको सैद्धान्तिक खाका छनौट गर्न र अनुसन्धानमा हुन सक्ने दोहोरोपनको समस्या हटाई नयां विषय वस्तुको वारेमा खोजी गर्न शोधकर्ता लाई मार्ग निर्देशन मिलेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

अध्ययन र अनुसन्धानका अनुसारका उद्देश्यहरु पूरा गर्नका लागि अनुसन्धानको ढाँचा, जनसङ्ख्या र नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या र विश्लेषणलाई यस परिच्छिेदमा निम्न शीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धानकार्यलाई प्रभावकारी ढंगबाट पूर्णता प्रदान गर्नका लागि अध्ययन अनुसन्धानको समय सीमा भित्र रहेर अध्ययन अनुसन्धान गर्नु आवश्यक रहन्छ । अनुसन्धानको ढाँचा भन्नाले सो अध्ययन अनुसन्धानको प्रकृति के कस्तो रहने, संकलित तथ्यांकहरुलाई के कसरी व्याख्या एवम् विश्लेषण गर्ने भनेर पूर्व निर्धारण गरिएको नियमबद्ध जानकारी हो । त्यसैगरी यो अनुसन्धान मुलतः गुणात्मक  प्रकृतिको भएको हुँदा अध्ययन अनुसन्धानका क्रममा, विद्यालय अवलोकन, अन्तरवार्ता प्रश्नावलीका आधारमा सङ्कलित तथ्याङ्कहरूलाई व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनौट

अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नको लागि आवश्यक जनसंख्याको अपरिहार्यता रहन्छ ।  यस अध्ययनको उद्देश्यलाई पूरा गर्न आर्थिक, भौतिक साधन स्रोत समय अभावको कारणले प्रस्तावित क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययनको जनसंख्या र नमुना छनौट गरिएको छ ।

गैडाकोट स्रोतकेन्द्र अन्तर्गतका जम्मा २९ विद्यालयहरुमध्ये जनता उ.मा.वि हर्कपुर, रत्राज्य लक्ष्मी उ.मा.वि, पितौंजी, दुर्गा प्रस्तावित नि.मा.वि., पितौंजी, गशेण प्रा.वि. भेडावारीका जम्मा ४ वटा विद्यालयमध्येबाट वि.व्य.स. अध्यक्ष १ जनाको दरले ४ जना , विद्यालय प्र.अ. प्रत्येक विद्यालयबाट १।१ जनाका दरले ४ जना वि.व्य.स. सदस्य मध्येबाट १।१ जनाका दरले ४ जना पुरुष र १।१ जना महिला गरी ८ जना, वि.नि. १ जना, प्रत्येक विद्यालयका विद्यार्थी

मध्येबाट ४/४ जनाका दरले १६ जना प्रत्येक विद्यालयका शिक्षक १/१ जनाका दरले ४ जना गरी जम्मा ३७ जनलाई नमुना छनोट विधिद्वारा यस अध्ययन अनुसन्धानको जनसंख्याको रुपमा छनोट गरिएको छ ।

### ३.३ तथ्याङ्कका स्रोतहरू

कुनै पनि विषय वा समस्याको वारेमा खोज अनुसन्धान गर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसैगरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितीय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अपनाइएको छ ।

**प्राथमिक तथ्याङ्क**

अवलोकन फारम, अर्न्तवार्ता र प्रश्नावलीका माध्यमबाट अध्ययनकर्ता स्वयं उपस्थित भई प्रत्येक विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीहरु, वि.व्य.स.का अध्यक्ष, वि.नि.बाट प्राथमिक तथ्यांक संकलन गरिएको छ ।

**द्वितीय तथ्याङ्क**

द्वितीय तथ्यांक अनुसार आजभन्दा अगाडि गरिएका अध्ययन अनुसन्धान, पत्रपत्रिका, लेखरचना छलफल, अनुसन्धानलाई आधार बनाइएको छ ।

### ३.४ अध्ययनका साधनहरु

अध्ययन कार्यलाई पुर्ण रूपदिन निम्नानुसारका साधनहरूको निर्माण गरी सम्बन्धित विषय विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव अनुसार परीमार्जन गरी निम्न अनुसारका अध्ययनका साधनहरूको विश्वसनियता र वैधता स्थापित गर्ने प्रयास गरिएको छ ।

**क) अर्न्तवार्ता प्रश्नावली**

यसअर्न्तगत छनोटमा परेका विद्यालयका ४ शिक्षक, १६ विद्यार्थी, ४ प्र.अ., वि.नि. १ जना विद्यालय व्यवस्थापन समितिका सदस्य पुरुष र महिला गरी ८ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४ गरी जम्मा ३७ जनासँग अनुसन्धानकर्ताले प्रत्यक्ष भेटगरी अर्न्तवार्ता

प्रश्नावालीको प्रयोगगरी उनीहरुका काम कर्तव्य र अधिकारका साथै काम गर्दाको अनुभव, समस्या र सुझाव समेतमा आवश्यक जानकारीहरू सङ्कलन गरिएको छ ।

**ख) अवलोकन फारम**

यसअर्न्तगत छनोटमा परेका विद्यालयमा विद्यालयको शैक्षिक अवस्था, कक्षाकोठाको व्यवस्थापन, शिक्षण विधि,शैक्षिक सामग्रीको प्रयोग, शिक्षकहरुले प्राप्त गरेका तालिम तथा अनुभव, प्राप्त तालिमको व्यवहारमा गरिएको प्रयोग, विद्यार्थी मूल्यांकन, शिक्षक निर्देशिकाको प्रयोग, प्रश्नपत्र निर्माण जस्ता कार्यकलापहरुको वास्तविक तथ्य पत्तालगाउनका लागि अवलोकन फारमको प्रयोग गरी सूचना सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्राथमिक सूचना सङ्कलनका लागि छनोट गरिएका विद्यालयका शिक्षक, प्र.अ., वि.नि., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी प्रतिनिधिहरुसँग प्रत्यक्ष भेटघाट गरी अनुसूची दुई देखि ७ सम्मका अर्न्तवार्ता प्रश्नावलीका आधारमा सूचना सङ्कलन गरिएको छ । यो अध्ययन अनुसन्धान गुणात्मक गरी प्रकृतिको हुने भएको हुँदा खुल्ला अन्तरवार्ता प्रश्नावली प्रयोग गरिएको छ । यस्तै गरी द्वितीय सूचना सङ्कलनका लागि विभिन्न लेखहरू, पत्रपत्रिका, बुलेटिन, सोधपत्रहरू र सम्बन्धित विद्यालयका अभिलेख इ-मेल इन्टरनेटबाट सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनको क्रममा प्राप्त हुने सूचना तथा तथ्याङ्कलाई जस्ताको त्यस्तै प्रयोग नगरी अव्यवहारिक, अस्पष्ट तथ्याङ्कलाई प्रशोधन गरी स्पष्ट र व्यवस्थित बनाइएको छ । तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरूपको आधारमा तथ्याङ्कहरूलाई गुणात्मक तरीकाले विशलेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी सकेसम्म सन्तुलित गराउने प्रयास गरिएको छ । उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परीमार्जन गरी वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्को व्याख्या र विश्लेषण

यस परिच्छेदमा नवलपरासी जिल्लाको गैंडाकोट स्रोतकेन्द्र अन्तर्गत रहेका श्री जनता उ.मा.वि, रत्नराज्य उ.मा.वि., दुर्गा नि.मा.वि र गणेश प्रा.वि.लाई सम्भावना रहीत नमुना छनोट विधिको आधारमा छनोट गरेर अनुसूची तयार गरी तथ्या.क संकलन गरिएको छ । प्राप्त तथ्यांकहरुलई उद्देश्यअनूरुप व्याख्या एवम् विश्लेषण गर्नुका साथै तालिकामा समेम प्रस्तुत गरिएको छ ।

## ४.१ विद्यालयको वर्तमान शैक्षिक अवस्था

यस अध्ययनमा छनौट गरिएका विद्यालयमा विद्यार्थीले हासिल गरेको शैक्षिक उपलब्धि निम्नानुसार भएको पाईयो । विगत २०६६, २०६७, २०६८ वर्षदेखिको सरकारी विद्यालय श्री जनता उ.मा.वि.को एस.एल.सी. परीक्षाको नतिजा विश्लेषण गर्दा औषत ९० प्रतिशत सम्म रहेको देखिन्छ  भने कक्षा ५ औषत नतिजा ८५ प्रतिशत र कक्षा ८ को ८२ प्रतिशत रहेको देखिन्छ । वार्षिक परीक्षाको उपलब्धि १ देखि १० सम्म ८५-९० प्रतिशत रहेको छ । त्यसैगरी रत्नराज्यलक्ष्मी पितौजिलाई हेर्ने हो भने विगतका तीनवर्षहरुमा एस.एल.सी. परीक्षाको औषत नतिजा ८० प्रतिशत भन्दा माथि नै रहेको पाइयो । कक्षा ८ को औषत नतिजा ७८ प्रतिशत र कक्षा ५ को औषत नतिजा ९० प्रतिशत भन्दा माथि रहेको छ । दुर्गा प्रस्तावित नि.मा.वि.को हकमा भन्नेहो भने कक्षा ५ को औषत नतिजा ९० प्रतिशत भन्दा माथि, र कक्षा ८ को नतिजा छनोटमा परेका अन्य विद्यालयको तुलनामा अलि कम नै रहको पाइन्छ, २०६६ -२०६८ सम्म ७० देखि ९० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

गणेश प्रा.वि. भिडावारीको कक्षा ५ को शैक्षिक उपलब्धि ९५ प्रतिशत रहेको छ ।

यसरी विद्यालयको वर्तमान शैक्षिक उपलब्धिलाई नियाल्दा जनता उ.मा.वि.को शैक्षिक उपलब्धि उच्च रहेको पाइयो । उक्त विद्यालयको शैक्षिक उपलब्धि उच्च रहनुमा कसकसको महत्वपूर्ण हात रहेको छ भन्ने उद्देश्यलाई मध्यनजर गर्दै अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, विद्यार्थी, अभिभावकसँग गरिएको छलफल एवम् अनुसन्धान अनुसार सो विद्यालयमा विद्यालय व्यवस्थापन पनि अरु विद्यालयको भन्दा राम्रो रहेको पाइयो । छनोटमा परेका सबै विद्यालयमा विद्यालय व्यवस्थापन समितिको व्यवस्था भएको, विद्यालय व्यवस्थापन समितिले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुदका सामग्रीहरु, शैक्षिक सामग्रीहरु र अन्य मनोरञ्जनात्मक सामग्रीहरु समेत उपलब्ध गराउँदै आएको तथ्य प्राप्त भएको थियो ।

## ४.२ शैक्षिक गुणस्तर वृद्धिमा विद्यालयव्यवस्थापन समितिको भूमिका

विद्यालय भनेको कलिलो मस्तिष्क भएका बालबालिकाहरुले शिक्षा आर्जन गर्ने स्थल हो । जहाँ बालबालिकाहरुले आफूभीत्ररहेका भूलहरुलाई सुधार्ने सु-अवसर प्राप्त गरिरहेका हुन्छन् । यस किसिमको कामका व्यवस्थापन समितिको भूमिका अपरिहार्य रहेको हुन्छ । विद्यार्थीको चौतर्थी विकासका लागि विद्यालय व्यवस्थापन समितिले विभिन्न कार्यकलापहरु गर्दै आएका हुन्छन् । विद्यालयको भौतिक व्यवस्थापन, शैक्षिक व्यवस्थापन, सरसफाइ व्यवस्थापन, प्रशासनिक व्यवस्थापनजस्ता सम्पूर्ण व्यवस्थापकीय कार्यकलापहरुको जिम्मेवारी व्यवस्थापन समितिलाई नै रहेको हुन्छ । शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा छनोटमा परेको विद्यालयमा विद्यार्थीको शैक्षिक सुधारका लागि कुन कुन पक्षमा विद्यालय व्यवस्थापन समितिको भूमिका रहेको छ त भन्ने तथ्य पत्तालगाउने उद्देश्यले अनुसन्धानकर्ताको प्रत्यक्ष

उपस्थितिमा गरिएको छलफल एवम् अनुसन्धान अनुसार प्राप्त तथ्यहरुलाई निम्नानुसार व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.२.१ विद्यालयमा भौतिक ब्यवस्थापनमा व्यवस्थापन समितिको भूमिका

विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि गुणस्तरीय शिक्षा विकासमा विद्यालयको भौतिक ब्यवस्थापनले अपरिहार्य भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयको शैक्षिक विकासका लागि सर्वोत्तम पूर्वाधार भनेको नै भौतिक सुविधा हो । विद्यालय भवन, कक्षाकोठा, पुस्तकालय, शौचालय, फर्निचर, आदि जस्ता कुराहरुको राम्रोसँग व्यवस्थापन मिलाइएको खण्डमा मात्र शिक्षक र विद्यार्थीलाई अध्ययन अध्यापन कार्यमा रुचि जाग्ने हुँदा विद्यालयको भौतिक व्यवस्थापनलाई प्रमुख रुपमा व्यवस्थापन गर्नु पर्ने देखिन्छ । नेपालको शिक्षा ऐनकै कुरा गर्दा पनि प्रति विद्यार्थीकालागि कम्तीमा १ वर्गमिटर भएको पक्कि भवन हुनुपर्ने र उनीहरुका लागि प्रयाप्त कक्षाको शिक्षक तथा विद्यार्थीहरुका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्थाहुनु पर्ने, कोठाको उअचाई कम्तीमा ९ फिट र भुई कोठाको सतह जमिन सतह भन्दा अग्लो, प्रयाप्त मात्रामा खेलमैदनको व्यवस्था भएको, विद्यार्थी बसेर प्रयोग गर्न सक्ने प्रयोगशाला, स्वस्थकर खानेपानी, विद्यालयमा पर्खालको व्यवस्थाभएको र विद्यार्थीहरुले अध्ययन गर्नका लागि प्रयाप्तमात्रामा शैक्षिक सामग्रीको व्यवस्थाभएको विद्यालयलाई नै भौतिक सुविधासम्पन्न विद्यालय भन्न सकिने कुराको उल्लेख गरिएको छ । (शिक्षा ऐन २०२८) ।

यसरी छनोटमा परेका अध्ययनस्थलरुमा विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक व्यवस्थापनमा के कस्तो भूमिका निर्वाह गरेको छ त भन्ने उद्देश्यलाई केन्द्रित गरी अध्ययन एवम् अनुसन्धानका लागि तयार पारिएको अनुसूचि १ बमोजिमको अवलोकन फारम भराई त्यसलाई अध्ययन एवम् अनुसन्धान गर्दा छनोटमा परेको विद्यालय श्री  जनता उ.मा.वि. हर्कपुरको आफ्नै २ तलको पक्की भवन रहेको, चारैतर्फ पर्खाल गरिएको, आफ्नै ३ विगाह १७ गठ्ठा मध्ये ७ कठ्ठा जती भू-भाग विद्यालय भवनले ओगटेको पाइयो । विद्यार्थीहरुलाई

स्वस्थकर बनाइराख्नका लागि विद्यालय व्यवस्थापन समितिले सरसफाइ र स्वास्थ्यमा पनि त्यत्तिकै ध्यान दिएको पाइयो । जसमा खानेपानीको प्रयाप्तमात्रा सुविधा रहेको, एउटा चमेना गृह विद्यालयहाता भित्रै रहेको, खेलकुदका सामग्री तथा प्रयाप्त चौरको व्यवस्था भएको पुस्तकालयको भने प्रयाप्तमात्रामा सुविधा हुन नसकेको, विद्यालयमा पुस्तकहरु यत्रतत्र छरिएर रहेका विद्यालयमा सुविधाजन्य पुस्तकालयको व्यवस्था हुन नसकेको, विद्यार्थीहरुका लागि ल्यावको व्यवस्था पर्याप्त हुन नसकेको, विद्यालयमा विज्ञान प्रयोगात्मक सामग्रीका साथै अन्य शैक्षिक सामग्रीहरु अरु थप गर्नुपर्ने अवस्था रहेको पाइयो ।

अध्ययन तथा अनुसन्धानकै क्रममा छनोटमा परेको अध्ययन स्थल रत्नराज्य उ.मा.वि. पितौजीको भौतिक अवस्था पनि सबल रहेको पाइयो । त्यहाँको विद्यालयमा विद्यालयको सरसफाइको अवस्था राम्रो रहेको पाइयो । विद्यालय वरपर कम्पाउण्ड गरिएको सरसफाइ तथा विद्यालयको आकर्षणमा बढीभन्दा बढी ध्यानाकर्षण गरिएको हुँदा वरपरको वातावरण पनी अत्यन्त मनमोहक रहेको देखिन्छ । विद्यालयमा रहेको बाल बगैंचाको पनि राम्रो व्यवस्था गरिएको देखिन्छ । विद्यालयको भवनको अवस्थालाई हेर्दा १० कोठाको २ तलाको पक्कि भवन रहेको पाइयो । विद्यार्थीले अध्ययन गर्ने कक्षाकोठा पनि विद्यार्थीहरुलाई सिकुँ सिकुँ लाग्ने खालको रहेको देखिन्छ । विद्यालय व्यवस्थापन समितिले विद्यालयको भवन निर्माणका लागि उचित पहल गरेको, समुदायबाट आर्थिक जुटाउन प्रयास गरिएको, विद्यालयको आर्थिक स्रोत पनि सबल रहेको देखिन्छ । यसरी विद्यालयको भौतिक अवस्थाले पनि विद्यार्थीको शैक्षिक उपलब्धिमा राम्रो प्रभाव पारेको तथ्य प्राप्त भएको छ ।

अध्ययन तथा अनुसन्धानकै क्रममा छनोटमा परेको अध्ययन स्थल दुर्गा नि.मा.वि. पितौजीको भौतिक अवस्था पनि सबल नै रहेको पाइयो । त्यहाँको विद्यालयमा विद्यालयको सरसफाइको अवस्था राम्रो नै रहेको पाइयो । विद्यालय वरपर कम्पाउण्ड गरिएको भएता पनि अति जिर्ण अवस्थामा रहेको हुनाले विद्यालयमा लगाइएका तारहरु छिनेर गएको, विद्यालयमा बनाइएको बालउद्यानमा गाउँका गाइभैसीहरुले हानी नोक्सानी पुऱ्याउने गरेको

अवस्था समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । विद्यालयको भवनको अवस्थालाई नै वर्णन गर्दा ४ कोठाको १ तलाको पक्की अफिस तथा लेखाशाखाको व्यवस्था भएको भए पनि विद्यार्थीहरुले अध्ययन गर्ने स्थल अत्यन्त जीर्णदार अवस्थामा रहेको पाइन्छ । जसको कारणले विद्यार्थीहरु बर्षाको समयमा टिनको छानो चुहिएर पठन पाठन गर्नमा अवरोध सिर्जना हुने गरेको तथ्य समेत सो विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थीबाट जानकारी प्राप्त भएको थियो । विद्यालय व्यवस्थापन समितिले विद्यालयको भवन निर्माणका लागि उचित पहल गरेको, समुदायबाट आर्थिक जुटाउन प्रयास गरिएको भएता पनि विद्यालयको नीजिस्रोतनै कम भएको हुँदा भनेजस्तो तवरबाट व्यवस्थापन गर्न नसकको तथ्य समेत विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट जानकारी प्राप्त भएको थियो ।

छनोट परेको विद्यालय गणेश प्रा.वि.को. भौतिक अवस्था भने अत्यन्त न्यून रहेको देखिन्छ । टिनको छानो भएको, माटोको जोडाइ भएको गारोमा बाहिरबाट सिमेन्टले प्लाष्ट गरि बनाइएको भवनहरु अत्यन्त जीर्ण अवस्थामा रहेका छन् । वर्षाको समयमा पानी चुहिने हुँदा पठन पाठन नै ठप्प गर्नु पर्ने अवस्था समेत सो विद्यालयमा रहेको देखिन्छ भने सुरक्षाका दृष्टिकोणले पनि तारवार नभएको हुँदा गाउँका गाई, भैसींहरु पसेर विद्यालयको बालउद्यान एवम् वरीपरिका बोटविरुवाहरुमा हानी नोक्सानी पुऱ्याएको देखिन्छ ।

अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको अध्ययन अवलोकन अनुसार छनोटमा परेको विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीहरुको प्रयोग तथा सामग्री व्यवस्थापनको अवस्था अत्यन्त कमजोर रहेको पाइयो । रत्नराज्य लक्ष्मी उ.मा.वि.मा उपलब्ध शैक्षिक सामग्रीहरुको अवस्थालाई हेर्दा विद्यार्थीका लागि प्रयाप्तमात्रामा विज्ञानका सामग्रीहरु भएको तर कतिपय सामग्रीहरुको नाम आफूहरुले समेत बताउन नसक्ने तथ्य अध्ययन अवलोकनका क्रममा विज्ञान शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । त्यसै गरी अन्य खेलकुदका सामग्री तथा पाठ्यपुस्तकका लागि सन्दर्भ पुस्तकहरु भएर पनि व्यवस्थित पुस्तकालयको अभावका कारणले यत्रतत्र छरिएर रहेको अवस्था पाइयो भने छनोटमा परेको विद्यालय जनता

उ.मा.वि. वि.को अवस्थामा पनि शैक्षिक सामग्रीको अवस्था नाजुक नै रहेको पाइयो भने दुर्गा नि.मा.वि.मा थोरै विद्यार्थी भएको विद्यालय भएर पनि शैक्षिक सामग्री प्रयाप्त र शिक्षकहरुले बेलाबेलामा विद्यार्थीहरुलाई अध्यापनको क्रममा शैक्षिक सामग्रीको प्रयोगबाट अध्यापन गराउने गरेको पाइयो । अध्ययनकै क्रममा छनोटमा परेको विद्यालय गणेश प्रा.वि.को अवस्था पनि अत्यन्त नाजुक नै रहेको छ ।

### ४.२.२ विद्यालयको शैक्षिक व्यवस्थापनमा विद्यालय समितिको भूमिका

विद्यालयको शैक्षिक व्यवस्थान गर्नका लागि विद्यालय व्यवस्थापन समितिको उल्लेख्य भूमिका रहेको हुन्छ । विद्यालयको गुणस्तरीय शिक्षा विकास गर्न शैक्षिक ब्यवस्थापन राम्रो हुनुपर्छ । शैक्षिक ब्यवस्थापनको लागि विद्यालय संग सम्बन्धित सर्व पक्षको सहभागिता हुनु आवश्यक पर्दछ अन्यथा विद्यालयमा स्तरीय पढाई सम्भव छैन । विद्यालयको दैनिक कार्यक्रम सूचारु गर्ने, कक्षामा राम्रो पढाइ भए नभएको निरिक्षण गर्ने, विद्यार्थी भर्नाको निति बनाउने र विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी मनोराम वातावरणमा पठन पाठन सञ्चालन गर्ने भूमिका विद्यालय व्यवस्थापन समितिको नै रहेको हुन्छ । विद्यालयको शैक्षिक व्यवस्थापनलाई मजबुत बनाएर गुणस्तरीय शिक्षा प्रदान गर्न सकिएमा मात्र देशका लागि असल र सक्षम नागरिक उत्पादन गर्न सकिन्छ । विद्यालयको शैक्षिक व्यवस्थापन भन्नाले कक्षा संचालन, शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग, मूल्याङ्कन पद्धति र अतिरिक्त क्रियाकलाप जस्ता कुराहरु पर्दछन् ।

यसरी छनोटमा परेको अध्ययन स्थलहरुमा विद्यालयको शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले के कस्तो भूमिका निर्वाह गरेको छ भन्ने उद्देश्यले गरिएको छलफल तथा अनुसन्धान अनुसार श्री रत्नराज्यलक्ष्मी उ.मा.वि. मा विद्यालयको शैक्षिक अवस्थलाई उकास्नका लागि कुनै पनि त्रैमासिक परीक्षामा कक्षामा सर्वोत्तम नतिजा ल्याएर उत्तीर्ण हुने विद्यार्थीहरुका लागि विद्यार्थीहरुको लब्धांक वितरणका समयमा विद्यालय व्यवस्थापन समिति

तथा सम्पूर्ण अभिभावकहरुलाई बोलाएर आकर्षक पुरुकार वितरण छलफलबाट विद्यालयको शैक्षिक स्तरलाई अझबढी उकासेर लैजाने भन्ने बारेमा अन्तरक्रिया गर्ने गरेको पाइयो ।

### ४.२.३ शैक्षिक उपलब्धिका लागि शिक्षक, विद्यार्थी र प्रशासन बिच सुमधुर सम्बन्ध कायम राख्नमा विद्यालय व्यवस्थापन समितिको भूमिका

विद्यालयमा सुमधुर शैक्षिक वातावरण निर्माण गर्नका लागि शिक्षक, विद्यार्थी र विद्यालय प्रशासन बीचको सम्बन्ध निकट रहनु आवश्यक रहन्छ । जसका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका अपरिहार्य रहेको हुन्छ । विद्यालयको भौतिक तथा शैक्षिक ब्यवस्थापन जतिसुकै राम्रो भएपनि यदि मानव स्रोतको राम्रो ब्यवस्थापन गर्न सकिएन भने विद्यालयले राखेको लक्ष्य हासिल गर्न सकिदैन । त्यसैगरी शैक्षिक गुणस्तर र विद्यालय व्यवस्थापन समिति नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धामा छनोटमा परेका विद्यालयहरुमा शिक्षक तथा कर्मचारीलाई उत्प्रेरित गर्ने, विद्यालयको हरेक पक्षमा सहभागिता गराउने, उनीहरुको ब्यक्तिगत तथा संस्थागत विकासको लागि उचित वातावरण तयार गरिदिनु पर्दछ । जसबाट उनीहरु विद्यालय प्रति समर्पित भई आफ्नो काम कर्तब्य प्रति बफादार भई दिलोज्यान दिएर लागि पर्दछन् । तसर्थ कर्मचारी विद्यालयको एउटा दह्रो खम्बा हो । जसको आधारमा विद्यालय अडेको हुन्छ । तसर्थ शिक्षक कर्मचारी भर्ना गर्दा योग्य, इमान्दार, कर्तब्यनिष्ठ, बफादार ब्यक्ति छनौट गर्नुपर्दछ । त्यसैले छनौटमा परेका विद्यालयहरुको शिक्षक तथा कर्मचारीको ब्यवस्थापन सम्बन्धि अध्ययन गर्दा निम्नानुसार पाईयो ।

शिक्षा नियमावली २०५८ ले १ शिक्षक बराबर ५० विद्यार्थी हुनुपर्ने कुरा उल्लेख गरेको छ । अध्ययन अनुसन्धानका क्रममा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको सर्वेक्षण तथा अनुसन्धान अनुसार रत्नराज्य उ.मा.वि.मा शिक्षक तथा कर्मचारीहरुको व्यवस्थापनका क्रममा विषयगत शिक्षकहरु स्थायी दरवन्दीमा नियुक्ति गरिएको पाइयो, कर्मचारीहरुको सन्दर्भमा पनि उनीहरुको कार्यभार अनुसार उचित सेवा सुसिवधा दिइएको पाइयो ।

विद्यालयमा छुट्टै लेखापालको व्यवस्था नभएको भए पनि प्रा.वि.का शिक्षकलाई पढाउने पिरियण भार कम गरी पाउनुपर्ने सेवासुधिवामा केही रकम थप गरी लेखापालको काम गराइएको पाइयो । विद्यालयमा भएका २ जना पियन मध्येमा पनि महिला पियनलाई सरसफाई तथा घण्टी बजाउने जस्ता काममा लगाइएको पाइयो भने पुरुषलाई अन्य कर्यालयका कामहरु गर्न लगाइएको पाइयो । शिक्षकहरुलाई आफ्नो तहभन्दा माथिल्ला कक्षामा पढाउनु परेको खण्डमा थप सेवा सुविधा दिइएको पाइयो । यसरी समग्रमा हेर्दा रत्नराज्य उ.मा.वि.को शिक्षक तथा कर्मचारी व्यवस्थापन सन्तोषजनक रहेको पाइयो । अनुसन्धानकै क्रममा जनता उ.मा.वि.मा गरिएको अध्ययन अनुसन्धान अनुसार शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिले पनि उल्लेखनीय भूमिका निर्वाह गरेका कुरा अनुसन्धानमा शिक्षक, प्र.अ तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग गरिएको अन्तरक्रिया एवम् छलफलबाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेका विद्यालयहरु गणेश प्रा.वि. र दुर्गा नि.मा.वि.मा भने लेखापालको जिम्मेवारी प्र.अ.ले नै लिएको जानकारी प्राप्त भएको थियो भने पुस्तकालायका लागि पनि छुट्टै कमर्चारी नभइ अफिस कोठामै समावेश गरिएको हुँदा विद्यार्थीका लागि पुस्तकहरु पढ्न सहज नभको कुरा पनि अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

**तालिका नं. १ : विद्यालयको शिक्षक विद्यार्थी अनुपात**

| विद्यालयको नाम | अनुपात |
|---|---|
| रत्नराज्य उ.मा.वि | १:६० |
| जनता उ.मा.वि | १:६५ |
| दुर्गा नि.मा.वि | १:४० |
| गणेश प्रा. वि | १:३५ |

स्रोतः स्थलगत अध्ययन २०६८

उपर्युक्त तालिका अनुसार संस्थागत विद्यालयको प्रतिशिक्षक विद्यार्थी संख्या ऐन नियमावली अनुसार भएको पाइयो । विद्यालय व्यवस्थापन समितिले शिक्षा नियमावलीमा प्रति शिक्षक ५० विद्यार्थी तोकिएको भए पनि रत्न राज्य उ.मा.वि. र जनता उ.मा.वि.मा विद्यार्थीको बढ्दो चापको कारणले गर्दा अनुपातमा बढी भएको कुरालाई शिक्षक तथा प्र.अ.सँगको छलफल अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । यसरी बढ्दो चापलाई कम गर्नका लागि विद्यालय व्यवस्थापनले शिक्षक नियुक्ति गरेर सेक्सन खोल्नका लागि पनि प्रयासरत रहिरहेको तथ्य समेत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग गरिएको प्रश्नावलीबाट जानकारी प्राप्त भएको छ ।

## ४.३ शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिमा देखा परेका कमीकजमोरीहरु

विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालय व्यवस्थापन समितिका विविध कमीकमजोरीहरु रहेका हुन्छन् । विद्यालय व्यवस्थापन समिति भनेको विद्यालय सञ्चालनको एक मेरुदण्ड भएको कारणले गर्दा शिक्षाको गुणस्तर के कसरी वृद्धि गर्ने भन्नेमा मुख्य हात नै विद्यालय व्यवस्थापन समितिको रहेको हुन्छ । विद्यालय व्यवस्थापन समिति र गुणस्तरीय शिक्षा नामक शीर्षक चयन गरी गरिएको यस अनुसन्धानमा शोधपत्रलाई उद्देश्यअनुरुप पूर्णता प्रदान गर्नका लागि अध्ययन अनुसन्धानका लागि छनोटमा परेका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिका के कस्ता कमीमजोरी रहेका छन् र तिनीहरुको कमजोरीका कारणले गर्द गुणस्तरीय शिक्षामा के कस्तो प्रभाव परिरहेको छ भन्ने प्रश्नको उत्तर खोज्नका लागि गरिएको छलफल अनुसनधान अनुसार विद्यालय व्यवस्थापन समितिको कस्ता कमीकमजोरी हरु देखिएका छन् भन्ने कुराहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.३.१ विद्यालयमा भौतिक व्यवस्थापनमा समस्या

गुणस्तरीय शिक्षा विकासमा विद्यालयको भौतिक व्यवस्थापलने महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अत छनौटमा परेका सार्वजनिक र संस्थागत विद्यालयको भौतिक व्यवस्थापन सम्बन्धि स्थलगत अध्ययन तथा अवलोकन फाराम समेत भरी अध्ययन गर्दा भौतिक व्यवस्थापनमा तपशिलका विद्यालयहरुमा निम्नानुसारको भौतिक समस्या रहेको पाईयो ।

अध्ययन गरिएका विद्यालयहरु जनता उ.मा.वि., रत्नराज्य उ.मा.वि. गणेश प्रा.वि. र दुर्ग नि.मा.वि. मा गरिएको अनुसन्धान अनुसार गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक व्यवस्थापनका लागि के कस्ता भूमिका निर्वाह गर्दै आएका छन् र तिनमा देखिएका समस्याहरु के के छन् भन्ने सन्दर्भमा विद्यालयका प्र.अ, वि.व्य.स. र विद्यार्थीसँग गरिएको अन्तरिक्रयामा पक्कि भवन भएर पनि लाइब्रेरीको सुविधा अप्रप्त रहेको, विद्यालयलाई पूर्ण रुपले तारवार गर्न नसकिएको, विद्यालयको कर्मचारी व्यवस्थापन पनि लेखापालको व्यवस्था नहुँदा शिक्षकले नै लेखापालको भूमिका निर्वाह गर्नुपर्ने अवस्था रहेको पाइयो । यस्ता भौतिक सुविधाहरुको व्यवस्थापन गर्नका लागि विद्यालय व्यवस्थापन समितिले उल्लेख्य भूमिका निर्वाह गर्न नसकेको तथ्य अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा प्र.अ., विद्यार्थी हरुसगँरिएको छलफलबाट जानकारी प्राप्त भएको छ । यसरी विद्यालयको भौतिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको चासो किन कम रहेको छ त ? भनेर व्यवस्थापन समितिका अध्यक्षसँग गरिएको प्रश्नावली अनुसार विद्यालयको भौतिक व्यवस्थापनका लागि विद्यार्थीको आर्थिक स्रोत कम भएको, सँधै अभिभावकसँग सहयोग उठाएर विद्यालय सञ्चालन गर्नका लागि साह्रै गाह्रो हुनुका साथै विद्यालयमा शैक्षिक गुणस्तरका लागि खेलकुद तथा अँग्रेजी शिक्षाका लागि विशेष पहल गर्दा अध्यापनका लागि निजीस्रोतबाट शिक्षक राख्नुपर्ने भएको हुँदा भौतिक व्यवस्थापन मा विद्यालय व्यवस्थापन समितले उल्लेखनीय भूमिका निर्वाह गर्न नसकेको तथ्य प्राप्त भएको छ ।

### ४.३.२ विद्यालयहरुको शैक्षिक ब्यवस्थापनमा समस्या

स्तरीय शिक्षा प्रदान गर्न शैक्षिक ब्यवस्थापनलाई राम्रो ब्यवस्थापन गर्न सक्नु पर्दछ । छनौटमा परेका विद्यालयको शैक्षिक ब्यवस्थापनमा तपशिलका समस्याहरु स्थलगत भ्रमण र अवलोकन फारमबाट कमी कमजोरी पत्ता लाग्यो ।

एक शिक्षकले दैनिक ५ देखि ६ घन्टीसम्म पढाउनु पर्ने, कक्षाकोठामा ६० देखि ८० जनासम्म विद्यार्थी राखेर अध्यापन गराउनु पर्ने, अतिरिक्त क्रियाकलाप  कहिलेकाहि मात्र हुने गरेको पाईयो । प्राय विद्यालयमा वार्षिक १८० देखि १९५ दिनसम्म पढाई भएको तथा नियमित गृहकार्य परीक्षण नहुने गरेको पाईयो ।

### ४.३.३ विद्यालयमा आर्थिक व्यवस्थापनको समस्या

विद्यालयको आर्थिक अवस्था राम्रो नभएमा गुणस्तरीय शिक्षा प्रदान गर्न मुस्किल पर्दछ । आर्थिक भनेको कुनै पनि संस्थाको मेरुदण्ड हो जसको आधारमा संस्था अगाडी बढेको हुन्छ । यस अध्ययनबाट  विद्यालयको आर्थिक अवस्था निम्नानुसार भएको पाईयो ।

विद्यालयले आर्थिकताको लागि सरकारी अनुदान, सरकारी श्रोतको मुख ताक्नु पर्ने भएको हुँदा विद्यार्थी अनुपातमा शिक्षक भर्ना गर्न र आर्थिक समस्याले गर्दा भौतिक निर्माण तथा शैक्षिक व्यवस्थापन गर्न नसकेको कुरा यस अध्ययनबाट पत्ता लाग्यो । त्यसैगरी संस्थागत विद्यालयलाई सरकारी अनुदान नहुने केवल विद्यार्थीबाट उठेको शुल्कले विद्यालयको सम्पूर्ण व्यवस्थापन गर्नुपर्ने समस्या भएकोले विद्यालय व्यवस्थापनमा समस्या आएको हो ।

### ४.३.४ विद्यालयको प्रशासनिक व्यवस्थापनको समस्या

कुनैपनि संस्थाले लक्ष्य हासिल गर्न त्यस संस्थाको प्रशासन राम्रो हुनु पर्दछ । त्यसैगरी स्तरीय पढाईको लागि पनि विद्यालय प्रशासन राम्रो हुनु पर्दछ । छनोटमा परेका विद्यालयहरुमा विद्यालय प्रशासनको व्यवस्थामा निम्नानुसार समस्या रहेको पाइयो :

अध्ययनका लागि छनोटमापरेका विद्यालयहरुमा विद्यालय प्रशासन व्यवस्थापनमा विविध समस्याहरु रहँदै आएको तथ्य अनुसूचीमा तयार पारिएका प्रश्नावलीका आधारमा शिक्षक तथाविद्यालय प्र.अ.सँग गरिएको छलफल अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । विद्यालय सुधार गर्ने जिम्मा प्र.अ. को मात्रै हो भन्ने भावना शिक्षकहरुमा रहेको,  विद्यालय

व्यवस्थापन समितिको उपस्थिति ज्यादै न्यून भएको, प्र.अ. ले राम्रोसँग योजना, संगठन, निर्देशन र नियन्त्रण गर्न नसकेको भन्ने जस्ता तथ्यहरु अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

अतः गुणस्तरीय शिक्षा विकासका लागि विद्यालयले आर्थिक, भौतिक, शैक्षिक, प्रशासनिक पक्षहरुमा राम्रो व्यवस्थापन गर्न सक्नु पर्दछ अन्यथा गुणस्तरीय शिक्षा प्रदान गर्न सम्भव हुदैंन भन्ने कुराको तथ्य छनोटमा परेका विद्यालयका स्रोतव्यक्ति, अभिभावक तथा विद्यार्थीहरुसँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

## ४.४. शैक्षिक गुणस्तर वृद्धिमा वि.व्य.समा देखा परेका कमीकमजोरीका निराकरणका उपायहरु

गुणस्तरीय शिक्षा विकासका लागि विभिन्न पक्षहरुले प्रभाव पारेका हुन्छन् । ती पक्षहरुलाई सुधार गरी विद्यालयको व्यवस्थापन गर्नुपर्दछ । ती पक्षहरुलाई  निम्न भागमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ४.४.१ भौतिक पक्ष

गुणस्तरीय शिक्षा दिनको लागि भौतिक पक्षलाई महत्वपूर्ण तत्वको रुपमा लिईन्छ । विद्यालयलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने पक्ष भौतिक पक्ष हो । भौतिक पक्षभित्र विद्यालयको भवन, कक्षाकोठा, शौचालयको अवस्था, खानेपानीको अवस्था, शैक्षिक सामग्री, फर्निचर, बिजुलीको व्यवस्था, विज्ञान प्रयोगशाला, पुस्तकालय जस्ता भौतिक कुराहरुको राम्रो व्यवस्था विद्यालयमा नभएमा विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिदैन । अतः गुणस्तरीय शिक्षा विकासमा भौतिक पक्ष पहिलो र महत्वपूर्ण पक्ष हो भन्नेहरुमा प्र.अ., विद्यालय व्यवस्थापनका अध्ययक्ष र शिक्षक, अभिभावक र विद्यार्थीहरुको समेत राय प्राप्त भएको छ । विद्यालयको भौतिक अवस्था सुधार गरेर विद्यालयको शैक्षिक अवस्था उकास्नका लागि

विद्यालयले के कस्तो सुधारका नीतिहरु चालेको छ भन्ने बारेमा अनुसूचीमा तयार पारिएका अन्तर्वाता प्रश्नावलीहरुका आधारमा गरिएको छलफल तथा अनुसन्धान अनुसार विद्यालयको भौतिक अवस्था सुधार गर्नका लागि विद्यालय व्यवस्थापन समिति एवम् प्रशासन तदरुकताका साथ लागि परेको पाइयो । विद्यार्थीले ज्ञान आर्जन गर्ने स्थल सफा, सान्त र सुमधुर हुनु पर्दछ भन्ने कुराहरुलाई दृष्टिगत गरेर विद्यालयको भौतिक सुधारका लागि परेको बेला बेलामा अभिभावक भेला गराई विद्यालयको भौतिक अवस्था तथा सुधारका पक्षहरुका बारेमा समेत जानकारी प्रदान गर्दै आएको पाइयो ।

### ४.४.२ शैक्षिक पक्ष

गुणस्तरीय शिक्षा विकासको लागि शैक्षिक पक्षको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा कसैले नकार्न सक्दैन । जसरी मानव शरीरमा प्राणको महत्व हुन्छ त्यसैगरी विद्यालयमा शैक्षिक पक्षको महत्व हुन्छ । यस पक्ष अर्न्तगत लगनशिल, अनुभवी र तालिम प्राप्त शिक्षकहरु, शैक्षिक वातावरण, पाठ्यसामग्री, शिक्षण गर्ने विधि, विद्यार्थीहरुको पढाईप्रति लगनशिलता र अनुशासन आदि कुराहरुले विद्यालयको प्रगतीमा प्रभाव पार्दछ भन्ने पक्षमा अभिभावक, प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्ययक्षहरुको राय प्राप्त भएको छ । शैक्षिक पक्षलाई सुधार गर्नका लागि विद्यालयले आवश्यक पाठ्यक्रम तथा पाठ्यवस्तु खरिद गरेको पाइयो । विद्यालयमा अंग्रेजी माध्यमको समेत व्यवस्था गरेर अध्यापन गराउनका लागि अंग्रेजी शिक्षाको व्यवस्था गरिएको पाइयो ।

### ४.४.३ आर्थिक पक्ष

गुणस्तरीय शिक्षा विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तत्वहरुमध्ये आर्थिक पक्ष पनि एक हो । विद्यार्थीबाट असुल गरिएका शुल्कहरु, सरकारी अनुदान, चन्दा सहयोग, विद्यालयको आफ्नो स्रोत आदि आम्दानीका स्रोत हुन् । विद्यालयका अन्य पक्षहरु शैक्षिक, भौतिक र प्रशासनिक आदि पक्षमा सुधार ल्याउन आर्थिक पक्षले नै मद्धत गरेको हुन्छ अतः

प्रत्यक्ष वा परोक्ष रुपमा आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेल्दछ भन्ने पक्षमा शिक्षक, कर्मचारी, प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आदिको मत रहेको छ ।

### ४.४.४ प्रशासनिक पक्ष

भनिन्छ असल कलाकारले बिग्रेको बाध्ययन्त्र पनि ठिकसंग बजाउन सक्दछ अत शैक्षिक विकासको लागि विद्यालयको प्रशासनिक पक्षको महत्वपूर्ण भूमिका रहन्छ । यस भित्र विद्यालयलाई नीति निर्देशन, नियन्त्रण गर्ने जिल्ला शिक्षा अधिकारी, बि. नि. श्रोत व्यक्ति र विद्यालयलाई सहिबाटोमा हिडाउने प्र.अ. आदि नै विद्यालयको प्रशासनिक पक्ष हो । अतः विद्यालयलाई सहि गतिमा हिडाउन शिक्षक, कर्मचारीलाई योग्यता अनुसार कार्यको बाँडफाँड गर्ने काम वा योजना गर्ने, संयन्त्र गर्ने, आर्थिक व्यवस्थापन गर्ने, कर्मचारीको नियुक्ति गर्ने, नियन्त्रण गर्ने काम प्रशासनको नै हो अत गुणस्तरीय शिक्षा विकासको लागि प्रशासनिक पक्षको भूमिका ठूलो रहने कुरा अभिभावक, शिक्षक, कर्मचारी, प्र.अ., अध्यक्ष आदिको मत व्यक्त भएको छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

यस अध्ययनबाट प्राप्त तथ्याङ्कहरुको ब्याख्या तथा विश्लेषण, अर्न्तवार्ता प्रश्नावली, अवलोकन फारम, विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षक, अभिभावक र विद्यार्थीहरुबाट प्राप्त तथ्यांकहरुको आधारमा प्राप्त प्राप्ति, निष्कर्ष र सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

शिक्षाका लागि सरकारले सबै भन्दा ठूलो धनराशी खर्चदै आएको भएता पनि छनोटमा परेका विद्यालयहरुको शैक्षिक अवस्थाको बारेमा अध्ययन गर्दा सबै विद्यालयहरुमा एउटै प्रकारको शैक्षिक उपलब्धि नरहेको, विद्यालयको उचित व्यवस्थापन हुन सकेका विद्यालयमा नै शैक्षिक उपलब्धि राम्रो रहेको पाइयो । छनोटमा परेका ४ वटा विद्यालयहरु मध्ये विद्यालय व्यवस्थापनको दृष्टिकोणले पनि रत्नराज्य उ.मा.वि. अरु विद्यालयको भन्दा धेरै राम्रो रहेको र त्यहाँको शैक्षिक उपलब्धि पनि अन्य विद्यालयको तुलनामा राम्रो रहेको पाइयो ।

अध्ययन अनुसन्धानमा छनोटमा परेका विद्यालयहरुमा शैक्षिक उपलब्धि वृद्धिका लागि विद्यालय व्यवस्थापन समितिको भूमिकालाई हेर्दा शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्ध कायम राख्नमा विद्यालय व्यवस्थापन समितिले उल्लेख्य भूमिका निर्वाह गर्दै आएको, विद्यालयको आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुँदा आवश्यक शैक्षिक सामग्री उपलब्धता, निजीस्रोतमा दक्ष शिक्षक राखेर अध्यापन गराउने जस्ता कार्यहरु गरेर शैक्षिक उपलब्धि वृद्धि गर्ने अभिप्रायले विद्यालय व्यवस्थापन समितिले विभिन्न घरदैलो कार्यक्रम, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँगबाट चन्दा संकलन गरी विद्यालयको आर्थिक

अवस्थालाई सुदृढ गर्न उल्लेख्य भूमिका निर्वाह गर्दै आएको पाइयो । साथै शिक्षक, अभिभावक तथा विद्यालय प्रशासन बीच छलफल एवम् अन्तरक्रिया कार्यक्रमहरु गरेर विद्यार्थीको शैक्षिक विकासका लागि के कसरी अगाडि बढ्ने भन्ने बारेमा समेत विद्यालय व्यवस्थापनले भूमिका निर्वाह गर्दै आएको पाइयो ।

शिक्षक र विद्यार्थी अनुपातलाई हेर्दा शिक्षक विद्यार्थी अनुपात १:३५ देखि १:६० रहेको विद्यालयमा सरसफाइको अपरिहार्यता रहेको, विद्यालय व्यवस्थापन समितिले विज्ञानका सामग्रीहरु प्रयाप्त मात्रामा उपलब्ध गराउन नसकेको, भौतिक दृष्टिकोणले सबै विद्यालय राम्रै रहेता पनि आवश्यक सुधारका लागि विद्यालय व्यवस्थापन समितिले कुनै चासो नदेखाएको पाइयो । सबै विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था खासै राम्रो नरहेको, शैक्षिक सामग्री भएर पनि त्यसको प्रयोगमा आउन नसकेको पाइयो ।

शैक्षिक गुणस्तर वृद्धिका लागि व्यवस्थापन समितिले शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नु पर्ने, विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी र अभिभावक बिच सुमधुर सम्बन्ध कायम राख्नु पर्ने पाइयो । विद्यालयको आर्थिक अवस्था ज्यादै न्यून रहेको हुँदा व्यवस्थापन समितिले विद्यालयको आर्थिक अवस्था सुधारका लागि आय स्रोत जुटाउन उपायहरु अपनाउनु पर्ने पाइयो । विद्यालय व्यवस्थापन समितिले समय समयमा अभिभावक, विद्यालय प्रशासन, शिक्षक बिच बैठक बसाली छलफल तथा अन्तरक्रिया गर्नु पर्ने पाइयो ।

## ५.२ निष्कर्ष

गुणस्तरीय शिक्षा र विद्यालय व्यवस्थापन समिति नामक शीर्षक चयन गरी गरिएको यस अध्यनय अनुसन्धानमा गुणात्मक विधिको प्रयोगद्वारा तथ्यांक संकलन गरिएको छ । अध्ययन अनुसन्धालाई पूर्णता प्रदान गर्नका लागि विभिन्न लेखरचना तथा आजभन्दा अगाडि गरिएका सम्बन्धित साहित्यहरुलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन अनुसन्धान गरिएको छ ।

विद्यालयमा विद्यालय व्यवस्थापन समितिले विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिका लागि चालिएका प्रयासहरुलाई नियाल्दा श्री रत्नराज्यलक्ष्मी उ.मा.वि.को व्यवस्थापन राम्रो रहेको छ । यस विद्यालयले विद्यार्थीको शैक्षिक व्यवस्थापनका लागि आवश्यक शैक्षिक सामग्री खरिद गर्नुका साथै विज्ञान प्रयोगशाला र स्थानीय सामग्रीको समेत उचित परिचालन गर्दै आएको छ भने श्री जनता उ.मा.वि.मा पनि शैक्षिक अवस्थाका लागि व्यवस्थापन समितिले चालेका कदमहरु सन्तोष प्रदनै रहेका छन् । भने दुर्गा नि.मा.वि. र गणेश प्रा.वि.को शैक्षिक अवस्था कमजोर रहेको पाइन्छ ।

विद्यालयमा विद्यार्थीहरुको शैक्षिक विकासका लागि बेलाबेलामा अभिभावक बैठक, स्टाफ मिटिङ, घरदैलो कार्यक्रमहरु राखिएको छ । विद्यालयमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धिका लागि व्यवस्थापन समितिले शेक्षिक सामग्री तथा शैक्षिक व्यवस्थापन मात्र नभई भौतिक व्यवस्थपन, खेलकुदका सामग्रीहरुमा पनि उत्तीकै मात्रामा चासो देखाएको पाइन्छ । सबै विद्यालयमा विद्यालयका लागि शैक्षिक सामग्री र खेलकुदका सामग्री अप्रयाप्त भएको भएता पनि जनता उ.मा.वि. र रत्नराज्य लक्ष्मी उ.मा.वि. मा भने प्रयाप्त खेलकुद र शैक्षिक सामग्रीहरु रहेका छन् ।

विद्यालयमा विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालय व्यवस्थापन समितिले मात्र गरेर नहुनु त्यसका लागि शिक्षक, अभिभावक तथा विद्यार्थीहरुको समेत सहयोग प्राप्त हुनु पर्ने कुरा अनुसन्धानका क्रममा वि.व्य.स. अध्यक्षसँगको छलफल तथा अनुसन्धानबाट जानकारी प्राप्त गरिएको छ ।

**५.३ सुझावहरु**

यस शोधपत्रको अध्ययनको क्रममा प्राप्त तथ्याङ्कको विश्लेषण, विद्यालयसँग सम्बन्धित व्यक्तिहरुको राय तथा समस्याको समाधान सम्वन्धि सुझाबहरुलाई समेत आधार मानि शैक्षिक गुणस्तरका लागि निन्नानुसार सुझाब प्रस्तुत गरिएको छ :

**नीतिनिर्माण तह**

विद्यालयमा शिक्षक, शिक्षिका र कर्मचारीको मनोभावनालाई उच्च राखि गुणस्तरीय शिक्षा विकासमा समर्पित बनाउनु पर्दछ । विद्यालयका शिक्षक, शिक्षिका कर्मचारी आदिबिच कम्तिमा पनि महिनाको एक पटक शैक्षिक बैठक राख्ने गर्नु पर्दछ । विद्यार्थी अभिभावक तथा शिक्षा प्रेमीहरुको सल्लाह सुझाबलाई ध्यानमा राखी शैक्षिक सुधार गर्न पहल गर्नु पर्दछ । विद्यालयमा सीपयूक्त र व्यवहारउपयोगी शैक्षिक पाठ्यक्रमको व्यवस्थापन गरिनु आवश्यक देखिन्छ । विद्यार्थीमा अनुशासन कायम राख्न दमनात्मक नीति भन्दा सम्झाउने र परामर्शको नीति राखिनु पर्दछ । विद्यालयको सिकाईमा प्रभावकारिता ल्याउन नयाँ नयाँ शिक्षण विधि प्रयोगमा ल्याउनुपर्ने देखिन्छ ।

**कार्यान्वयन तह**

गुणस्तरीय शिक्षा विकासको लागि विद्यालयले भौतिक ब्यवस्थापनमा राम्रो ध्यान दिनुपर्दछ । केही सरकारी विद्यालयमा जग्गाको ब्यवस्था भएपनि खेल्ने चौर निर्माण नगरेको र विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गर्न खेल्ने चौरको ब्यवस्था गर्नु पर्ने देखिन्छ । शौचालयको सरसफाई र पुस्तकालयको राम्रो ब्यवस्थापन नभएको पाईएकाले तत्कालै ब्यवस्थापन गर्नुपर्दछ । सरकारी विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिका सरकारी तवरबाटै कदम चाल्नु पर्ने देखिन्छ । शिक्षक, शिक्षिकाहरुले आफूले पढाउने विषयलाई पाठयोजना निर्माण गरी अध्यापन गर्नुपर्ने देखिन्छ । विद्यालयमा विद्यार्थीको श्रेणीमापन, घटनावृद्धि अभिलेख, सञ्चित अभिलेख आदि समेत राख्ने ब्यवस्था मिलाउनु पर्दछ । विद्यार्थीको चौतर्फी विकास गर्न अतिरिक्त क्रियाकलाप जस्तै हाजिरी जवाफ, बादविवाद, फुटवल, भलिबल, क्रिकेट जस्ता खेलहरु पनि समय समयमा गर्नुपर्ने देखिन्छ ।

**थप अनुसन्धान तह**

विद्यालय निरिक्षक, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, अभिभावकहरुले खेलेको भूमिकाको बारेमा बेला बेलामा अनुगमन तथा नीरिक्षण गरिनु पर्दछ । विद्यालयको आर्थिक स्रोत, र खर्चको बारेमा पनि अध्ययन अनुसन्धान हुन आवश्यक रहन्छ । विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिका लागि जिम्मेवार पक्षहरुसँग छलफल तथा अन्तरक्रिया गरी देखिएका समस्याको समाधानका उपायहरु सुझाउनु पर्दछ । विद्यालयका भौतिक संरचनाहरु बालबालिकाहरुका लागि उपयुक्त भए नभएको भन्ने बारेमा पनि अध्ययन अनुसन्धान गर्नु पर्ने देखिन्छ

## सन्दर्भग्रन्थहरु


अधिकारी, विष्णु प्रसाद (२०६०), **अध्यापन अनुमतिपत्र परीक्षा दर्पण**, काठमाडौं : आशिष पुस्तक भण्डार ।

काफ्ले, वासुदेव, सिन्हा रामस्वरुप, श्रेष्ठ चन्द्रवहादुर, विष्ट मीन वहादुर (२०६०), **शैक्षिक योजना** काठमाण्डौं : भुँडीपुराण प्रकाशन ।

खनाल, केदारनाथ (२०५७), **स्मारीका चितवन महोत्सव नारायणगढ**", चितवन : चितवन महोत्सव आयोजक समिति ।

गिरी, ठकेन्द्र प्रकाश (२०५९), **पाठ्यक्रम अभ्यास**, काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

पौडेल, हरिराज (२०६०), **वाणी स्वर्ण स्मारीका**, चितवन : चितवन मा. वि. ।

पौडेल, जीवन शर्मा (२०५९), **नेपालको सन्दर्भमा विद्यालय-आधारित व्यवस्थापन,** काठमाडौँ : विकासका निम्ति शिक्षा, शिक्षा विकास तथा अनुसन्धानकेन्द्र त्रिपुरेश्वर ।

देवकोटा, हरिप्रसाद (२०६०) **कास्कि जिल्लाको प्राथमिक विद्यालयमा परेको प्रभाव,** कास्कीः सुभकामना प्रकाशन ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन** (२०४९), काठमाडौँ : शिक्षामन्त्रालय ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०५७), **शिक्षाक आधारहरु**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

**शिक्षा नियमावली** (२०५९), काठमाडौँ : शिक्षामन्त्रालय ।

शर्मा, चिरञ्जीवि, (२०६२) **शिक्षाका आधारहरु**, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

शर्मा, चिरञ्जीवि, (२०६५) **शिक्षाका आधारहरु**, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स, ।

सापकोटा, रमाकान्त (२०६२), **गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनको भूमिका,** चितवन : शैक्षिक दर्पण जि.शि.का.।

## अनुसूची – १

## अवलोकन फारम

१) भौतिक अवस्था :- क) जम्मा भवन संख्या :-

ख) कक्षा कोठाहरुको साइज र क्षेत्रफल :-

२) सरसफाइ व्यवस्थापन :- फोहरको संकलन र विसर्जनका उपायहरु

३) विज्ञान प्रयोगशालासँग सम्बिन्धत प्रयोगशालाका सामग्रीहरु : प्रयाप्त, अप्रयाप्त र कामचलाउ

४) शौचालयको अवस्था :- क) पक्की ख) कच्ची

५) खेलमैदान :- क) छ ख) छैन

६) शिक्षकको योग्यता : तहगत योग्यता पुगेका वा नपुगेका

७) विद्यार्थीको वसाईको अवस्था :- क) अधिक ख) मध्यम ग) थोरै

८) शैक्षिक सामग्री :- क) छ ख) छैन

९) अतिरिक्त क्रियाकलाप सामग्री :- क) प्रयाप्त ख) अपुग ग) छैनन्

१०) प्र.अ. कोठा :- क) छ ख) छैन

११) स्टाफ रुम :- क) छ ख) छैन

१२) लेखाशाखा : क) छ ख) छैन

## अनुसूची – २

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली

अभिभावकको नाम : लिङ्ग :

उमेर : शैक्षिक योग्यता :

१) तपाईको विद्यालयको शैक्षिक गुणस्तर कस्तो छ ?

..............................................................................

२) विद्यालयको व्यवस्थापन प्रति तपाई सन्तोष हुनुहुन्छ ?

..............................................................................

३) शिक्षामा गुणस्तर ल्याउनका लागि के कस्ता कार्यक्रमहरु ल्याउनु आवश्यक रहला ?

..............................................................................

३) तपाईंको विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिका लागि के कस्ता कार्यक्रमहरु ल्याइएका छन् ?

..............................................................................

४) विद्यालयको, भौतिक, शैक्षिक, सरसफाई जस्ता कुराहरुको व्यवस्थापन के कसरी गर्ने गर्नु भएको छ ?

..............................................................................

५) समय समयमा विद्यालयको शैक्षिक गतिविधि सम्बन्धी निरीक्षण र मूल्यांकन के कसरी हुने गरेको छ ?

..............................................................................

६) शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिमा देखा परेका समस्या के के हुनसक्छन् ?

..............................................................................

७) शैक्षिक गुणस्तर वद्धिमा विद्यालय व्यवस्थापन समितिमा देखापरेका कमीकमजोरीको निराकरण गर्न के कस्ता नीतिहरु आवश्यक रहला ?

......................................................................................................

८) विद्यालय व्यवस्थापन समितिमा देखिएका कमीकमजोरी निराकरणका लागि विद्यालय व्यवस्थापन समितिको तर्फबाट के कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

......................................................................................................

.

शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका

## अनुसूची – ३

विद्यालय व्यवस्थापन समिति सदस्यका लागि अन्तरवार्ता प्रश्नावली

अभिभावकको नाम : लिङ्ग :

उमेर : शैक्षिक योग्यता :

१) विद्यालयको शैक्षिक गुणस्तर कस्तो छ ?

..........................................................................................

२) विद्यालयको व्यवस्थापन प्रति तपाई सन्तोष हुनुहुन्छ ?

..........................................................................................

३) शिक्षामा गुणस्तर ल्याउनका व्यवस्थापन समितिको भूमिका कस्तो रहला ?

..........................................................................................

३) तपाईंको विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिका लागि के कस्ता कार्यक्रमहरु ल्याइएका छन् ?

..........................................................................................

४) विद्यालयको, शैक्षिक, भौतिक, सरसफाई जस्ता कुराहरुको व्यवस्थापन के कसरी गर्ने गर्नु भएको छ ?

..........................................................................................

५) शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिमा देखा परेका समस्या के के हुनसक्छन् ?

..........................................................................................

६) विद्यालय व्यवस्थापन समितिमा देखिएका कमीकमजोरी निराकरणका लागि विद्यालय व्यवस्थापन समितिको तर्फबाट के कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

..........................................................................................

.

शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका

## अनुसूची – ४

विद्यालय निरिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

अभिभावकको नाम : लिङ्ग :

उमेर : शैक्षिक योग्यता :

१) सामुदायिक विद्यालयहरुको वर्तमान शैक्षिक अवस्था कस्तो रहेको छ ?

........................................................................................

२) विद्यालयको शैक्षिक गुणस्तरका लागि विद्यालय व्यवस्थापन समितिले गर्न कार्यहरुको बारेमा छलफल तथा अनुसन्धान गर्ने गर्नुभएको छ ?

........................................................................................

३) शिक्षामा गुणस्तर ल्याउनका व्यवस्थापन समितिको भूमिका कस्तो रहला ?

................................................................................................

४) विद्यालय व्यवस्थापनका लागि विद्यालय निरक्षको तर्फबाट के कस्ता कार्यक्रमहरु तय गर्ने गर्नुभएको ?

..........................................................................................................

५) यस विद्यालयको प्र.अ. को ब्यवहार कस्तो रहेको पाउनु भयो ?

..................................................................................................................

६) यस विद्यालयका शिक्षकहरु पढाउन कत्तिको लगनशिल भएको पाउनु भयो ?

................................................................................................................

७) तपाई विद्यालयको अनुगमन महिनामा कति पटक गर्नुहुन्छ ?

..............................................................................................................

८) विद्यालय व्यवस्थापन समिति गठन गर्दा के कस्ता आधारमा गर्ने गर्नु भएको छ ?

....................................................................................................................

९) शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालय व्यवस्थापन समितिका कमिकमाजोरी के के हुनसक्छन् ?

..................................................................................................................

१०) विद्यालय व्यवस्थापन समितिमा देखिएका कमीकमजोरी निराकरणका लागि विद्यालय वि.नि.को तर्फबाट के कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

........................................................................................................................

.

शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका

## अनुसूची -५

प्रधानाध्यापकका लागि अन्तरवार्ता प्रश्नावली

प्र.अ. को नाम :- उमेर :-

अनुभव :- योग्यता :-

विद्यालयको नाम :-

१) तपाई यस विद्यालयमा प्र.अ. हुनुभएको कति वर्ष भयो ?

..................................................................................................

२) तपाईको विद्यालयमा कति शिक्षक शिक्षिक र कर्मचारी छन् जसमध्ये कति सरकारी दरबन्दीमा र कति निजि श्रोतमा छन् ?

..................................................................................................

४) विद्यालय ब्यवस्थापन समितिले तपाईलाई कस्तो सहयोग गरेका छन् ?

..................................................................................................

५) तपाईको विचारमा गुणस्तरीय शिक्षा भनेको के हो ? गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयले के के कुरामा ध्यान दिनु पर्ला ?

..................................................................................................

६) विद्यालयको अनुगमनमा को को आउँछन्, के यो प्रकृया नियमित छ ?

..................................................................................................

७) तपाईले शिक्षकको अनुगमन गर्नु हुन्छ कि हुदैन ?

..................................................................................................

८) विद्यालयको प्र.अ. संग धेरै शिक्षकहरु खुसि हुदैनन, तपाईका शिक्षक तथा कर्मचारी कतिको खुसि छन् ?

..................................................................................................

९) विद्यालयको पढाईको स्तर अझ माथि उठाउन के के गर्न पाए राम्रो हन्थ्यो जस्तो लाग्छ ?

## अनुसूची – ६

शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

विद्यार्थीको नाम :- ठेगाना :-

विद्यालयको नाम :- लिङ्ग:-

उमेर :- कक्षा :-

हस्ताक्षर :-

तलका प्रश्नहरुको बारेमा लेखेर उत्तर दिन अनुरोध छ ।

१) तिम्रो पढ्ने कक्षाकोठामा कति जना विद्यार्थीहरु छन् ?

.....................................................................................

२) तिम्रो विद्यालयमा अतिरिक्त क्रियाकलाप गरिन्छन कि गरिदैनन् ?

.............................................................................................

३) शिक्षकहरुले पाठ पढाउँदा शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ कि हुदैन ?

............................................................................................

४) तिमिलाई पढाउने शिक्षकरुले विद्यार्थी के कस्तो चासो दिनुहुन्छ ?

.............................................................................................

५) तिमिलाई तिम्रो गुरुहरुले कस्तो ब्यवहार गर्नुहुन्छ ?

............................................................................................

६) विद्यालयको पढाईको स्तर अझ राम्रो बनाउन के के गर्नुपर्ला

............................................................................................

## अनुसूची – ७

शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

शिक्षकको नाम :- ठेगाना :-

विद्यालयको नाम :- लिङ्ग:-

१) तपाई कुन विषय पढाउनु हुन्छ ? पढाउने क्रममा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य ठान्नुहुन्छ कि ठान्नेहुदैन ?

.........................................................................................................

२) विद्यालयमा पुस्तकालयको व्यवस्था के कस्तो रहेको छ ?

.........................................................................................................

३) तपाईको अनुगमनमा को को संलग्न भएको पाउनु भएको छ ?

....................................................................................................

५) गुणस्तरीय शिक्षा भनेको के होला ? राय व्यक्त गर्नुहोस ।

...................................................................................................

६) गुणस्तरीय शिक्षाका लागि व्यवस्थापन समितिको भूमिका के कस्तो रहन्छ होला ?

..................................................................................................

७) तपाईको विचारमा विद्यालय व्यवस्थापन गर्न कुन कुन पक्षमा सुधार गर्नुपर्ला ?

...................................................................................................

**अनुसूची -८**

**विद्यालयको भौतिक अवस्था**

| क्र सं | विद्यालयको नाम | कच्ची तथा टीनको छाना भएको भवन | R.C.C. ढलान भएको | जम्मा भवन संख्या | जम्मा कोठा संख्या |
|---|---|---|---|---|---|
| 1 | श्री रत्नराज्य लक्ष्मी उ.मा.वि. | २ | १ | ३ | १८ |
| 2 | श्री जनता उ.मा.वि. | ३ | २ | ५ | २२ |
| 3 | श्री दुर्गा नि.मा.वि | १ | १ | २ | १२ |
| 4 | श्री गणेश प्रा.वि. | २ | | ६ | ६ |

## अनुसूची -९

## विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीहरुको अवस्था

| क्रसं | **विद्यालयको नाम** | **उपलब्ध शैक्षिक शैक्षिक सामग्रीहरु** | **प्रयोगको अवस्था** |
|---|---|---|---|
| 1 | श्री रत्नराज्य लक्ष्मी उ.मा.वि. | ग्लोव, नेपालको नक्सा, आवश्यक पुस्तकहरु, विज्ञानका सामग्रीहरु, सामाजिक विषयका लागि आवश्यक शैक्षिक सामग्री | प्रयाप्त शैक्षिक सामग्री रहेको हुँदा शिक्षण गर्ने क्रममा शिक्षकले शैक्षिक सामग्री लगेर अध्यापन गराउने गरेको पाइयो । |
| 2 | श्री जनता उ.मा.वि. | ग्लोव, नेपालको नक्सा, आवश्यक पुस्तकहरु, विज्ञानका सामग्रीहरु | शैक्षिक समग्री अप्राप्त भएको हुँदा पढाउने क्रममा खासै प्रयोगमा नल्याइएको । |
| 3 | श्री दुर्गा नि.मा.वि | ग्लोव, नेपालको नक्सा, पुस्तकहरु, विज्ञानका सामग्रीहरु | शैक्षिक सामग्री पनि कम रहेको शिक्षकले शैक्षिक सामग्रीको प्रयोग नगरेको |
| 4 | श्री गणेश प्रा.वि. | ग्लोव, नेपालको नक्सा, पुस्तकहरु | शैक्षिक सामग्री प्रयोग अत्यन्त कम भएको |